# परिच्छेद एक : परिचय

कुनै पनि शोध लेखनको शुरवात गर्दा शोधको परिचयात्मक परिच्छेदबाट शुरु गर्नुपर्दछ । यस शोधको परिचयात्मक परिच्छेदमा पृष्ठभूमि, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्य, अनुसन्धानात्मक प्रश्न तथा अध्ययनको परिसिमालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## १.१ पृष्ठभूमी

बालबालिकाको चौतर्फि विकासको लागि विद्यालयमा गरिने पाठ्यक्रम अनुसारको शिक्षण मात्र प्रर्याप्त हुँदैन । सिकाई भनेको बालवालिकाको व्यवहारमा अपेक्षित परीवर्तन ल्याउनु हो र आन्तरिक प्रतिभा लाई प्रष्फुटन गराउनु हो । व्यक्तिलाई अनुशासित, स्वावलम्वी सहयोगी एवम् व्यवहारिक बनाउनको लागि विद्यालयमा कक्षा शिक्षण बाहेकका गरिने क्रियाकलापहरु नै अतिरिक्त क्रियाकलाप हुन् ।

कुँवर (२०६१) का अनुसार विद्यार्थीहरुमा कोरा कितावी ज्ञानको भण्डार भयो तर उनीहरुको आफ्नो आनीबानीमा सुधार गर्ने तथा उनीहरुको लुकेर रहेका प्रतिभा बाहिर ल्याउन सकेनन् भने बास्तविक रुपमा सिकाई हुन सक्दैन । सम्पूर्ण शिक्षण सिकाई क्रियाकलापको केन्द्रविन्दु विद्यार्थीलाई वनाई शिक्षणकार्य गरिन्छ । विद्यार्थीहरुमा रहेको अन्तरनिहित प्रतिभालाई वाहिर ल्याउन शिक्षण सिकाई क्रियाकलापका अतिरिक्त थप क्रियाकलाप संचालन गर्ने गरिन्छ, त्यस्ता क्रियाकलापलाई अतिरिक्त क्रियाकलाप भनिन्छ ।

वाग्ले र ढकाल (२०६५) ले उल्लेख गरे अनुसार वालवालिकाहरु को शारीरिक, मानसिक, संवेगात्मक र बौद्धिक विकासका निम्ति शारीरिक कसरत व्यायाम, खेलकूदका साथसाथै सिर्जनात्मक सीप विकासका निम्ति सांस्कृतिक तथा साहित्यक आदि कार्यक्रमको महत्वपुर्ण भुमिका रहेको हुन्छ । त्यसैले नेपालका विद्यालयहरुमा पठनपाठनका साथै अतिरिक्त क्रियाकलापलाई अभिन्न अंगका रुपमा अंगिकार गरेको पाइन्छ ।

नेपालमा विद्यालय तहको शिक्षाको प्रारम्भदेखि नै विद्यालय को वार्षिक उत्सव, राष्ट्रिय चाडपर्व, उत्सव आदिमा खेलकुद साँस्कृतिक कार्यक्रम तथा साहित्यक कार्यक्रम संचालन हुदै आएको पाइन्छ । विद्यालयमा प्रत्येक शुक्रवार १ वजेपछि अतिरिक्त क्रियाकलाप संचालन गरेको पाइन्छ भने शुरुमा काठमाण्डौ उपत्यकामा राष्ट्रिय पर्वहरु तथा विशेष अवसरमा आयोजना गरेको कार्यक्रम क्रमश : जिल्ला हुदै विद्यालय तहसम्म सञ्चालन गर्ने परिपाटि बस्न पुगेको पाइन्छ अतिरिक्त क्रियाकलापको शुरुवात नेपालका विद्यालयहरुमा सवैभन्दा पहिला मन्टेश्वरी स्कुल रानीपोखरीबाट शुरु भएको पाइन्छ र पछि चेतभवनमा शिक्षक तालिम केन्द्र लाजिम्पाटले तालिम मार्फत विद्यालय तहमा शारीरिक व्यायाम, खेलकुद, नृत्य, गीत, वाद्यवादन र एकांकी नाटक आदिजस्ता कार्यकलाप सञ्चालन गर्ने गरेको पाइन्छ ।

घिमिरे (२०६६) का अनुसार नेपालमा सर्वप्रथम अतिरिक्त क्रियाकलापलाई विद्यालयको अंगको रुपमा लागू गर्नका लागि शिक्षा ऐन नियममा व्यवस्था गर्ने कार्यक्रम रा.शि.प.यो २०२८-२०३२ ले गऱ्यो यस योजनाले अत्तिरिक्त कार्यकलापको उत्थान र विकास गर्नका लागि पाठ्यक्रम पाठ्यपुस्तक तथा निरिक्षण विकास गर्नका लागि पाठ्यक्रम पाठ्यपुस्तक तथा निरिक्षण विकास केन्द्र अन्तर्गत अतिरिक्त क्रियाकलाप एकाईको स्थापना भएको पाइन्छ । उक्त एकाइमा खेलकुद र संगीत विशेषज्ञको दरवन्दी रहने व्यवस्था पनि थियो । क्षेत्रिय शिक्षा निर्देशनालयहरु स्थापना भएपछि पाँच वटै विकास क्षेत्रमा खेलकुद, पिटी, ड्रिल तथा संगीत विषयका प्रशिक्षक राख्ने व्यवस्था गरियो । त्यसपछि विद्यालय तहदेखि जिल्ला क्षेत्र र केन्द्रसम्म खेलकुद सास्कृतिक र साहित्यक कार्यक्रमहरुको संचालन व्यवस्थापन र प्रतियोगिता आयोजना गर्ने व्यवस्थाको शुरुवात भएको पाइन्छ ।

हाल पाठ्यक्रम विकास केन्द्रले विद्यालयस्तरका अतिक्तित क्रियाकलापहरु संचालन गर्दै आएको पाइन्छ । यस केन्दका कार्यकलापहरु शुरुमा उपत्याकामा मात्र सिमित रहेकोमा हाल जिल्ला, क्षेत्र र राष्ट्रिय स्तरमा पनि संञ्चालन गरेको पाईन्छ । जिल्लास्तरमा वीरेन्द्रशिल्ड प्रतियोगिता (हाल राष्ट्रपति रनिङ्ग शिल्ड) सांस्कृतिक कार्यक्रम, निवन्ध, चित्रकला र सांस्कृतिक कार्यक्रम आदी रहेका छन । भने राष्ट्रिय प्रतियोगिताहरुमा एथेलेक्टिस, भलिवल, निवन्ध, चित्रकला, कविता आदि सञ्चालन गर्दै आएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालय तथा पाठ्यक्रम विकास केन्द्र दुवैले जिल्ला क्षेत्र र केन्द्रसम्म केटि खेलकुदहरु सञ्चालन गर्दा केही कार्यक्रमहरुमा दोहोरोपन देखिएकाले २०५८ सालदेखि खेलकुद महाशाखाबाट संचालन गर्न लागिएको हो साथै २०५९ सालदेखि जिल्ला क्षेत्र र केन्द्रमा आयोजना हुने प्रतियोगिताहरुको सञ्चालन गर्ने समय मिलान गरि एकै प्रतियोगिता गरी जिल्लाबाट छनोट भएको उत्कृष्ट विद्यार्थीलाई क्षेत्र र केन्द्रसम्म सहभागी गराउने व्यावस्था गरिएको छ ।

विद्यालयको उराठलाग्दो वातावरण र कक्षाकोठाको क्रियाकलाप विद्यार्थीहरुको रुचि र क्षमता भन्दा बाहिरका भएभने विद्यार्थीहरुमा सिकाईप्रति सकरात्मक दृष्टिकोण विकास हुन नसकी उनीहरु सिकाईप्रति उत्प्रेरित हुन सक्दैनन् । तसर्थ शिक्षामा गरिएको लगानी अनुरुपको प्रतिफल प्राप्त गर्नको लागि विद्यार्थीहरुलाई पठनपाठनप्रति रुचि जगाउने, जीवनसंग नजिक ल्याउने किसिमबाट शिक्षण गर्न अतिरिक्त क्रियाकलापको आवश्यक्ता पर्दछ । अतिरिक्तक्रियाकलापहरुले विद्यार्थीहरुको शारिरीक, मानसिक र वौद्धिक विकास, ज्ञान, अनुभव समभ्रुदारीको विकास र सामाजिक सेवा वातावरण संरक्षण तथा सचेतनाको विकासमा सघाउने गर्दछ । हाम्रा अधिकांस विद्यालयहरुमा अतिरिक्त क्रियाकलापको उपयुक्त योजना बनाइएको पाइँदैन । बनाइएका कार्ययोजनाले पनि विद्यार्थीको सर्वपक्षीय विकास को लागि उपयुक्त हुने क्रियाकलापहरु समावेश गरेको पाइदैन । जसले कोरा किताबी ज्ञानलाई कन्ठस्थ गर्न सकेको हुन्छ । त्यसले राम्रो सिकाई गर्न सकेको भन्ने ठान्नेहरुको जमात प्रशस्त छ । तर विद्यार्थीहरुको शैक्षिक विकासको अभिन्न अंग वा सम्पूर्ण विषयका रुपमा अतिरिक्त क्रियाकल्पलाई लिनुपर्ने अपरिहार्यतालाई सवैले स्वीकारेको अवस्थामा यसलाई गहन रुपमा लिनुपर्ने देखिन्छ ।

## १.२ समस्याको कथन

पाठ्यपुस्तकमा भएका विषयवस्तुलाई घोकेर कण्ठ गर्न सक्नु मात्र नभई ज्ञानको संसारमा देखापरेका विस्तारहरुलाई सहजताकासाथ लिई समाजको जटिलतासंग आफूलाई समायोजन गरी आफ्नो व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सक्नु नै वास्तविक सिकाई हो । जसका लागि सिकारुको शारीरिक, मानसिक, वौद्धिक, सामाजिक, समभ्रुदारी र सृजनात्मक

क्षमताको विकास हुनु अनिवार्य हुन्छ । त्यसका लागि अतिरिक्त क्रियाकलापको भूमिका महत्वपूर्ण हुन्छ । अतिरिक्त क्रियाकलापहरु शिक्षण सिकाई क्रियाकलापका अभिन्न अङ्ग हुदाँहुदै पनि विद्यालयहरुले अतिरिक्त क्रियाकलाप संचालन गर्दा विद्यार्थीको रुचि अनुसार नगरिनु ,अतिरिक्त क्रियाकलाप संचलानका लागि आीर्थक स्रोतको कमी हुनु,विषय शिक्षकको व्यावस्था नहुनु , उचित खेलमैदानको व्यावस्था नहुनु तथा सवै विद्यालयहरुमा अतिरिक्त क्रियाकलापमा एकरुपता नहुनु  शिक्षणको अभिन्न अंगको रुपमा नलिनु शिक्षकहरु जिम्मेवार रहुनु क्रियाकलापहरु विद्यालय भित्र मात्र सिमित हुनु, आवश्यक तालिम गाष्ठी प्रशिक्षणको व्यवस्था नहुनु, अनिवार्य विषयको रुपमा नलिनु तथा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नका लागि आवश्यक पर्ने साम्रगीहरु चुस्त दुरुस्त नहुनु, विद्यालय प्रसाशनलाई पहल नगर्नु र सम्बन्धित अन्य निकायहरु पनि मौन रहनु तथा अतिरिक्त क्रियाकलापहरु बालावालिकाहरुको तह, क्षमता, स्तर र उमेर अनुसारको नहुनु जस्ता समस्याहरु देखिएकोले नै प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको अवस्था  शीर्षकलाई यस अध्ययनको समस्या कथनको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षण गर्नु भनेको  बालबालिकाहरुको चौतर्फी विकास गराउनु हो । चौतर्फी विकासका लागि परम्परागत रुपमा कक्षामा गएर पठनपाठन गराउनु मात्र प्रर्याप्त हुदैन । उनीहरुलाई अतिरिक्त क्रियाकलापको माध्ययमबाट ज्ञान र सीपहरु सिकाउनु अनिवार्य हुन्छ । बालबालिकाहरुको रुची चाहना उमेर अनुसारको पठनपाठन क्रियाकलाप भएन भने उनीहरुले ठिकसंग सिकाईसिक्न सक्नैन् । यदि सिकाई भएन भने शिक्षण पनि नभएको मानिन्छ । त्यसैले बालबालिकाहरुको व्यवहारमा अपेक्षित परिवर्तन ल्याउनको लागि अतिरिक्त क्रियाकलापहरुको माध्यमबाट उनीहरुकै रुची, चाहना, क्षमता र उमेरअनुसारका ज्ञान तथा सीपहरुलाई कक्षाकोठासम्म पुऱ्याउने काममा सहयोग पुऱ्याउने तथा बाधा व्यवधान गर्ने तत्वहरुलाई कम गर्नमा पनि यो अध्ययनको औचित्य रहनेछ ।

अतिरिक्त क्रियाकलापले बालवालिकाहरुमा लुकेर रहेको प्रतिभालाई प्रष्फुटन गर्न सहयोग गर्दछ । यस अध्ययनले विद्यार्थीहरुको शरीरिक मानसिक, बौद्धिक विकासमा सहयोग

पुऱ्याउनुका साथै रचनात्मक प्रतिभाको विकास ज्ञान अनुभव र समझदारीको विकास सामाजिक सेवा वातावरण संरक्षण तथा सचेतताको विकासमा विद्यालयहरुले के के पहल गरेका छन् भन्ने कुरा पत्ता लगाउने भएकोले पनि अध्ययनको महत्व रहेको छ । यस अध्ययनले विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरु संचालन गर्नु पर्दैरहेछ भन्ने कुराको ज्ञान दिलाउछ जसको आधारमा विद्यालयहरुले आफ्ना योजनाहरुमा अतिरिक्त क्रियाकालापहरु लाई समेटन सक्नेछन् । साथै यस अध्ययनले यस संग मिल्दो शीर्षकमा शोधकार्य गर्न चाहने नवशोधार्थी, निजी तथा सामुदायिक विद्यालय, जिल्ला शिक्षा कार्यालय एवं अन्य सरोकारवालाहरुको लागि समेत मद्धत पुग्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसार रहेका छन् ।

(क) प्राथमिक तहमा संचालन हुने अतिरिक्त क्रियाकलापको अवस्था विश्लेषण गर्नु ।

(ख) अतिरिक्त क्रियाकलाप संचालनमा प्रभाव पार्ने तत्व पहिचान गर्न ।

(ग) अतिरिक्त क्रियाकलाप संचालनमा आइरहेका समस्या पहिचान गर्नु ।

(घ) अतिरिक्त क्रियाकलाप संचालनमा देखिएका समस्या समाधानका लागि उपयुक्त उपाय सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनमा निर्धारित उद्देश्य पुरा गर्नका लागि निम्न अनुसन्धानात्मक प्रश्नहरु निर्माण गरिएको छ ।

क) प्राथमिकता तहमा संचालन गरिने अतिरिक्त क्रियाकलापहरु विद्यार्थीको रुची, चाहाना र स्तरअनुसारका छन् ?

ख) अतिरिक्त क्रियाकलापलाई शिक्षणको अभिन्न अङ्गको रुपमा लिईएको छ ?

ग) अतिरिक्त क्रियाकलाप सञ्चालनमा प्रभावपार्ने तत्वहरु के के हुन ?

घ) वि.व्य.स.र प्र.अ. बाट अतिरिक्त क्रिकलाप सञ्चालनमा के कस्तो सहयोग प्राप्त भएको छ ?

ङ) विद्यालयले अतिरिक्त क्रियाकलापमा विद्यालय बाहिर पनि सहभागिता गरउने गरेको छ

च) अतिरिक्त क्रियाकलाप संचालनमा देखापरेका समस्याहरु के के हुन् ?

छ) अतिरिक्त क्रियाकलाप संचालनमा देखापरेका समस्याहरु कसरी समाधान गर्न सकिन्छ?

ज) अतिरिक्त क्रियाकलाप प्रभावकारी रुपले संचालन गर्ने उपायहरु के के हुन ?

## १.६ अध्ययनको परिसिमा

यस अध्ययनको लागि लुम्विनी अञ्चल अर्घाखाँची जिल्ला अन्तर गत रहेका १८ बटा श्रोतकेन्द्रहरु मध्ये निर्वाचन क्षेत्र नं. १ को किमडाँडा - ढाकावाङ्ग श्रोतकेन्द्र धारापानी मा रहेका ३१ बटा विद्यालयहरुमध्ये १० बटा सामुदायिक विद्यालयको प्राथमिक तहलाई मात्र सिमित गरिएको छ । छनौट गरिएका विद्यालय का विद्यार्थी, विषय शिक्षक तथा प्रधानाध्यापक, वि.व्य.स. पदाधिकारी तथा श्रोतव्यक्तिहरुमा अध्ययनलाई सिमित गरिएको छ । न्युन आर्थिक लगानी, कम समय तथा स्थानिय साधन र श्रोतको उपयोग गरी यस अध्ययनलाई सम्पन्न गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

यस अध्ययन उद्देश्य मुलक बनाउनका लागि शोधार्थीले अध्ययन गरेका पुस्तक, पत्रपत्रिका, तथा शोधपत्र तथा अध्ययन प्रतिवेदन को समिक्षात्मक पुनरावलोकनलाई उल्लेख गरिएको छ ।

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन

सम्बन्धित साहित्यको पुनरावलोकनले यस अघि यस्तै विषय एवस्तुहरुमा क-कसले के अनुसन्धान गरेका रहेछन् भन्ने विषय बस्तुको जानकारी गराउँछ । यस अध्ययनको लागि गरिएको केही सम्बन्धित साहित्यको पुनरावलोकनलाई निम्नानुसार उल्लेख गरिएका छन् ।

शिक्षा ऐन (२०२८) र नियमावली (२०६७) मा उल्लेख भए अनुसार विद्यालयले विद्यार्थीहरुको सिर्जनात्मक प्रतिभाको विकासका लागि विद्यालयमा अतिरिक्त क्रियाकलाप कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । जसमा शिक्षक तथा विद्यार्थी दुबैले भाग लिनु पर्ने छ । अतिरिक्त कार्यक्रम संचालन गर्दा राष्ट्रियताको भावना जगाउने मनोरञ्जनात्मक तथा राष्ट्रिय संस्कृति वा कलाहरुप्रति अभिरुची बढाउने किसिमका शारीरिक सीप विकासका, सामाजिक सेवा र वातावरण संरक्षणप्रति चेतना बढाउने, बृक्षरोपण, साक्षरता, कार्यक्र, चित्रकला, हस्तकला, बाद्यवादन, नृत्य, वक्तृत्वकला, हाजिरीजवाफ, हिज्जे लगायत का प्रतियोगिताहरु संचालन गर्नुपर्ने व्यवस्था भएको पाइन्छ ।

कुवंर (२०६१) मा उल्लेख गरिएअनुसार अतिरिक्त क्रियाकलापको विकास मानव संगसंगै भएको विभिन्न युद्धकला सिक्नको लागि यसलाई प्राथमिकताका साथ लिएको र सत्रौ शताब्दिबाट यसको तिव्र विकास भएको धारणा पाइन्छ । साथै विद्यार्थीहरुलाई विद्यालय र पाठ्यक्रमको सांगुरो घेराभित्र मात्र राख्दा उनीहरुको सर्व पक्षीय विकास सम्भब हुदैन तसर्थ विद्यार्थीहरुको सर्वपक्षीय विकास को निमित्त अतिरिक्त क्रियाकलाप संचालन गर्नुपर्ने हुन्छ । विद्यालयको उराठलाग्दो वातावरणलाई जीवन्त तुल्याउन, विद्यालयका सम्पूर्ण विद्यार्थीहरुलाई शिक्षण क्रियाकलापमा समान सहभागिता गराउन अतिरिक्त क्रियाकलापको आवश्यता

पर्दछ । विद्यालयले उपयुक्त योजना बनाई अतिरिक्त क्रियाकलाप संचालन गर्नुपर्दछ । त्यस्ता अतिरिक्त क्रियाकलापहरु वालवालिकाहरुको सर्वपक्षीय विकास गराउने खालका हुनुपर्दछ ।

बर्तमान अवस्थामा आइपुग्दा हाम्रा विद्यालयहरुले अझैपनि उपयुक्त ढंगबाट अतिरिक्त क्रियाकलाप संचालन गरेको पाइदैन अतिरिक्त क्रियाकलापहरु पनि विशेष गरी खेलकुद र मनोरञ्जनात्मक कार्यक्रमहरुमा बढी सिमित भएको पाइन्छ । विद्यार्थीहरुको रुची, क्षमता र उमेर अनुसारको क्रियाकलापहरु विद्यालयमा संचालन गर्नुपर्छ । विद्यार्थीहरुको सर्वपक्षीय विकास गरी उनीहरुलाई सक्षम र सफल नागरिक भई जीवन यापन गर्न सहयोग गर्नुपर्दछ । त्यसका लागि विद्यार्थीहरुको आन्तरिक प्रतिभालाई उजागर गर्न केवल कितावी कोरा ज्ञान प्रर्याप्त हुदैन त्यसैले विद्यालयमा तल्लो तह देखिनै अतिरिक्त क्रियाकलाप संचालन  गर्नुपर्दछ ।

घिमिरे (२०६६) का अनुसार विधार्थीहरुको शारिरीक र मानसिक विकास गर्नु, सामाजिक असमझदारी हटाउन तथा सृजनात्मक क्षमता अभिवृद्धि गर्ने परम्परागत शिक्षण पद्धतिका साथै राष्ट्रियता जोगाउने समाजिक समझदारी वढाउने प्राकृतिक वातावरण संरक्षण र सदुपयोग गर्ने खालका अतिरिक्त क्रियाकलापहरु विद्यालयले संचालन गर्नुपर्दछ अतिरिक्त क्रियाकलाप भनेका शैक्षिक विकासका अभिन्न अंगहरु हुन । त्यसैले विद्यार्थीहरुमा लुकेको अर्न्तनिहित प्रतिभालाई वाहिर ल्याउनको लागि अतिरिक्त क्रियाकलाप हरु नै शसक्त माध्यम हुन ।

विद्यालयमा संचालन गरिने अतिरिक्त क्रियाकलापहरुले वालवालिकाहरुको चौतर्फि विकासको निमित महत्वपूर्ण सहयोग पुर्‍याउँछ । अनुसन्धानकर्ताले विद्यालयमा अतिरिक्त क्रियाकलापको अवस्था लाई अध्ययन गरि अनुभवले भ्याएसम्मको कुरालाई मध्यनजर राखेको हुदा विद्यालय, विद्यालय व्यवस्थपन तथा विद्यार्थीहरुले जे जति गरेका छन् । त्यो यथार्थ देखिएका र यस्तो गहन विषयमा नेपाल सरकार विद्यालय प्रशाशन देखि सम्वन्धित सरोकारवालाहरुले चासो राख्नु उचित हुन्छ अतिरिक्त क्रियाकलापहरु विद्यालयहरुमा तल्लो तहदेखिनै सञ्चालन गर्ने उपयुक्त हुने देखिन्छ

पन्थ (२०५७) ले उल्लेख गरे अनुसार विद्यार्थीहरुको सर्वाङ्गीण विकासमा अतिरिक्त क्रियाकलाप खेलकुद को महत्वपूर्ण भुमिका रहेको हुन्छ । नेपालमा एउटा अतिरिक्त अनिवार्य

विषयको रुपमा शरीरिक शिक्षालाई प्राथमिक तहदेखि निम्न मध्यामिक तहसम्मका लागि प्रकाशित गरिएको छ । त्यो शिक्षण सिकाई प्रकृयालाई सफल पार्नका लागि अध्यापन विधिमा आधारित छ । शारीरिक शिक्षा अध्यापन गर्ने शिक्षक क्रियाशील हुनुपर्छ किनकि सक्रिय शिक्षकले सिप सिकाई क्रियाकलापलाई सक्रिय वनाउन सक्छ र तालिम प्राप्त दक्ष शिक्षक लाई विद्यालयहरुमा माग गर्ने गर्नुपर्छ ।

विद्यार्थी मुल्याङ्कनको एक महत्वूर्ण पाटो अतिरिक्त क्रियाकलापमा भएको विद्यार्थीहरुको मुल्याङ्कन पनि हो । शैक्षिक संस्थामा विद्यार्थिको रुचि चाहाना, उमेर र स्तर अनुसार प्रसस्त अतिरिक्त क्रियाकलापहरु नियमित रुपमा संचालन गनुपर्दछ । अतिरिक्त क्रियाकलापहरु पाठ्यक्रम र पाठ्यपुस्तककै पूरक सामग्रीको रुपमा सहयोगी हुन पनि नितान्त आवश्यक हुन्छ ।

शैक्षिक संस्थामा हुने श्रोत, साधन तथा समय आदिलाई ख्याल गरेरै शैक्षिक संस्थामा नियमित अतिरिक्त क्रियाकलाप  संचालन गर्नुपर्दछ । अतिरिक्त क्रियाकलाप गर्दा साधन, श्रोत र समय खर्च हुन्छ भन्ने चिन्ता लिनु हुदैन । यसो गर्नाले लाग्ने खर्चको प्रतिफल विद्यार्थीहरुले प्राप्त गरीरहेका हुन्छन् । तसर्थ अतिरिक्त क्रियाकलाप बाट नाम, दाम, र ख्याति कमाएर राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा चर्चा भएको हुन्छ । यसको लागि सम्बन्धित क्षेत्रमा आ-आफ्नो तरीकाले सहयोग गर्नुपर्छ । विभिन्न स्थानीय खेलमण्डल, क्लव, विद्यार्थी संगठनहरु स्वतन्त्र विद्यार्थी युनियनहरुले यस्ता कार्यक्रमहरुमा विशेष चासो देखाउनु पर्दछ । यस्ता क्रियाकलापहरु सामान्यतया कक्षाकोठा भित्रका क्रियाकलाप र कक्षा कोठा बाहिरका क्रियाकलापहरु गरी दुई किसिमका हुने  गर्दछन् ।

घिमिरे (२०६६) ले उद्धृत गरे अनुसार क्रो.एण्ड.क्रो.ले. अतिरिक्त क्रियाकलापको महत्वलाई सहयोगको भावना विकास गर्नु,अर्थात विद्यालय घरबाटोघाटो वा अन्यत्र पनि एकले अर्कालाई सहयोग गर्नुपर्छ भन्ने धाराणको विकास गर्नु, अतिरिक्त क्रियाकलापमा भाग लिई साथीत्वको विकास गर्नु र मिलनसार बन्नु त्यस्तै असल नागरिक विकास गर्नु जसले गर्दा सहनसिल, मिलनसार, योग्य र अनुसाशित बन्नमा सहयोग गर्दछ । त्यस्तै नेतृत्वको लागि तालिमको अवसर प्रदान गर्न फुर्सदको समयमा अनावश्यक कार्यहरुमा नलागि समयको

सदुपयोग गर्न र आफ्ना अभिभावकहरु र साथीको लागि मनोरञ्जन प्रदान गर्नको लागि पनि अतिरिक्त क्रियाकलापको महत्व रहेको छ भनि उल्लेख गरेका छन् ।

## २.२ सैद्धान्तिक खाका

कुनैपनि अनुसन्धान कार्यको लागि सैद्धान्तिक आधारहरु हुनु अपरिहार्य हुन्छ । सुहाउदो र भरपर्दो सैद्धान्तिक खाकाहरुको छनौट औचित्यपूर्ण हुनु जरुरी हुन्छ । यस प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको अवस्था विषयहरु अध्ययनमा मनोवैज्ञानिक प्याभलभको सम्बन्ध प्रत्यावर्धनको सिद्धान्त र थर्नडाइकको प्रर्यत्न र भुलको सिकाई सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा निम्नानुसार उल्लेख गरिएको छ ।

### २.२.१ प्याभलभको सम्बन्ध प्रत्यावर्धनको सिद्धान्त

शर्मा र शर्मा (२०६५)ले उल्लेख गरे अनुसार शारीरिक र मानसिक दुवै प्रक्रियाका विचमा सम्बन्ध हुन्छ । अर्थात शारीरिक र मानसिक क्रियाको सम्बन्धबाट सिकाई सम्भव हुन्छ । उत्तेजितबाट प्रतिक्रिया हुन्छ उत्तेजना र प्रतिक्रियाका विचमा सम्बन्ध स्थापना हुनुलाई नै सिकाई भनिन्छ । यसकारण यसलाई सम्बन्ध प्रत्यावर्धनको सिद्धान्त भनिन्छ । यस सिद्धान्तमा अभ्यास र अनभ्यस्त अथवा प्राकृतिक र अप्राकृतिक वा कृतिम उत्तेजनाहरुको सम्बन्ध स्थापना गरी समान प्रतिक्रिया निकालिन्छ । यो उत्तेजनाद्धारा प्रतिक्रिया प्राप्त गरी प्रतिपादन गरिएको सिद्धान्त हो ।

अर्को शब्दमा यो उत्तेजना प्रतिक्रियाको सिद्धान्त हो । प्रसिद्ध रुसि मनोवैज्ञानिक इभान पी प्याभलभद्धारा प्रतिपादित सिकाईको सिद्धान्त लाई सम्बन्ध प्रत्यावर्धनको सिद्धान्त भनिन्छ । मनोवैज्ञानिक प्याभलभका अनुसार सम्बन्ध प्रत्यावर्धन सिकाइमा नभई नहुने तत्वहरु प्रेरणा, पुनर्वल, अभ्यास, आशा र वाधक उत्तेजनाहरुको अनुपस्थिति छन् । धेरै विद्यार्थीहरु किताबी कोरा पढाइमा ध्यान नदिने र रुचि नलिने तथा अतिरिक्त क्रियाकलाप भनेपछि हुरुक्कै हुने खालका हुन्छन् । उनीहरुलाई ति खेलकुदहरुमा सिकाउदै लगेमा त्यस्ता पढाइमा रुचि नलिने विद्यार्थीहरुलाई पनि शिक्षण सिकाइप्रति रुचि उत्पन्न गराउन सकिन्छ अर्थात अतिरिक्त क्रियाकलाप र शिक्षणलाई सम्बन्धित गराएर क्रियाकलापहरुकै माध्यमबाट बालबालिकाहरु

लाई उनीहरुकै रुचि र चाहना अनुसार शिक्षण कार्य गरी बढी भन्दा बढी उपलब्धि हासिल गर्नको लागि प्याभलभको सम्बन्ध प्रत्यावर्धनको सिद्धान्त अनुसार अतिरिक्त क्रियाकलापमा सहभागी हुनको लागि प्रेरणा र पुनर्वल प्रदान गरी निरन्तर अभ्यास गराएर पुरस्कारको आशामा बढी क्रियाशील गराई अन्य वाधक उत्तेजनाहरु जस्तै घरको काम, आर्थिक समस्या, खेलसामग्रीको अभाव आदीको अनुपस्थिति गराई स्वक्रियाकलापको माध्यमबाट सिकाई क्रियाकलाप सञ्चालन गरेमा पढाइमा रुचि नलिने तथा रुचि लिने दुवै थरी बालबालिकाहरुबाट बढी भन्दा बढी शैक्षिक उपलब्धि हासिल गर्न सकिन्छ ।

### २.२.२. थर्नडाइकको प्रयत्न तथा भुलको सिद्धान्त

श्रेष्ठ, तामाङ्ग र बस्न्यात (२०६६) ले उल्लेख गरे अनुसार मनोवैज्ञानीक थर्नडाइकले मनोबैज्ञानिक प्राप्तिहरु स्नायु प्रणालीसंग सम्बन्धित हुन्छन् र हुनुपर्छ भनेका छन् । स्नायु तन्तुहरु र स्नायुहरुले मानविय व्यवहार निर्धारण गर्दछन् । अर्थात स्नायु तन्तुहरुले मस्तिष्कमा सूचना दिएपछि स्थापना भएको सम्बन्धबाट सिकाई हुन्छ ।  थर्नडाइकले प्रतिपादन गरेको सिकाई सिद्धान्तलाई संयोजनबाद वा प्रर्यत्न र भुलको सिकाई सिद्धान्त भनिन्छ । थर्नडाईकलाई उत्तेजना-प्रतिक्रियाका प्रतिपादक पनि भनिन्छ । सिकाईमा पुरस्कार र दण्डको धारणको सुरुवात पनि उनलेनै गरेको मानिन्छ । यिनले प्रयत्न र भुल सिकाईको सिद्धान्त आफ्नो डक्टोरियल सोधपत्रबाट सुरु गरि सन् १९१३ मा प्रतिपादन गर्न सफल भएका हुन् । थर्नडाइकका अनुसार जव कुनै प्राणीका समक्ष नयाँ परिस्थति वा समस्या उत्पन्न हुन्छ तव त्यस संग समायोजन गर्न स्वभाविक प्रतिक्रियाहरु देखाउँछन् । यी स्वभाविक प्रतिक्रियाहरु गलत पनि हुन सक्छन् । उसले थुप्रै थुप्रै प्रतिक्रियाहरुबाट चाहिदो प्रतिक्रियाको छनौट गर्ने र त्यसलाई जोड्ने प्रयत्न गर्नुपर्छ । यहाँ प्रयत्न भनेको नै समयको लगाव वा कोशिस हो । भुल भनेको समस्या समाधान गर्ने सिलसिलामा अपनाइएका गलत कार्यहरु हुन् । प्राणी ले ठीक प्रतिक्रियालाई ग्रहण गर्दछ र गलत प्रतिक्रियालाई त्याग्दछ फलस्वरुप लक्ष्य अनुरुपको सिकाई सिक्न सफल हुन्छ ।

उनका अनुसार ४ वटा स्थितिहरुबाट सिकाई सिकिन्छ । पहिलो तत्व प्रेरक हो जसले प्राणीको क्रियाकलापको जागरण गराउछ प्राणीलाई क्रियाकलाप गर्न उत्सुक र उत्तेजित बनाउछ र त्यस क्रियाकलापलाई घटन नदिई यथास्थितिमा राख्न सहयोग गर्दछ । दोश्रो स्थिति क्रियाकलाप हो प्राणीमा उत्पन्न मानसिक तनावका कारणले यसले विभिन्न

क्रियाकलापहरु गर्दछ । तेश्रो स्थिति गल्तीहरु घटाउनु वा अचानक सहि प्रतिक्रिया हो । तनावबाट गरिएका क्रियाकलापहरु सबै ठीक हुदैनन् । आफ्ना क्रियाकलापहरुको ठीक बेठिक छुट्टयाई गल्ती घटाउने कार्य तेश्रो स्थिति हो चौथो स्थिति एकिकृतता वा संयुक्तता वा सहि छनौट, सम्वन्ध कायम र निश्चितताको सिद्धान्त हो । जव गलत प्रतिक्रिया छाडदै ठिक ठिक प्रतिक्रिया संगठित बन्दै जान्छन, यो एकिकृत रुप नै यस सिद्धान्तको सिकाई हो ।

थर्नडाइकका अनुसार सिकाई सिकिने चारवटा स्थितिहरु प्रेरक तत्व, क्रियाकलाप, गल्तीहरु घटाउनु र सहि छनौट छन् । बालबालिकाहरुलाई अतिरिक्त क्रियाकलापमा सहभागी गराउँदा उनीहरुलाई पढाइमा कमजोर भए पनि अतिरिक्त क्रियाकलापहरुमा सहभागी भई खेल्न पाउँदा थप प्रेरणा मिल्ने तथा क्रियाकलाप गर्दा धेरै विकल्पहरु ल्याउने जसमध्ये सबै विकल्प सहि हुँदैनन् र उसले धेरै विकल्प मध्येबाट आफू उत्कृष्ट हुनको लागि कुनै विकल्प छान्दछ र त्यो विकल्प ठिक नभएमा उसले अर्को पटक अर्को विकल्पको छनोट गर्दछ, यसो गर्दा उसले आफ्ना गल्तीहरु घटाउँदै जान्छ र अन्त्यमा सहि विकल्पको छनोट गरि सफल हुन्छ । यसरी बालबालिकाहरुको रुचि र चाहाना अनुसार उनीहरुलाई नै क्रियाशिल बनाएर सिकाई सिकाउनको लागि थर्नडाइकको प्रयत्न र भुलको सिद्धान्त अनुसार विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरुको माध्यमबाट गल्तीहरु कम गराउँदै र उपयुक्त विकल्पको छनौट गर्दै बालबालिकाहरुलाई सिक्ने मौका दिएमा शैक्षिक उपलब्धि पक्कै पनि उच्च हुने छ ।

### २.३ शैक्षिक उपादेयता

सम्बन्धित साहित्यको पुनरावलोकनले अध्ययनलाई विलकुलै नयाँ र अर्थपूर्ण बनाउनमा सहयोग पुऱ्याएको छ । यस अनुसन्धानमा सम्बन्धित साहित्यको समिक्षात्मक विवरण प्रस्तुत गर्दा अध्ययन कर्तालाई उक्त विषय शीर्षकमा पहिले के भएको थियो । कसल के, कस्तो शिर्षकमा कुन कुन उद्देश्य प्राप्तिका लागि अध्ययन अनुसन्धान गरेका रहेछन् भन्ने विषयमा स्पष्ट जानकारी प्राप्त भएको छ ।

यस अध्ययनमा सम्बन्धित साहित्यको पुनरावलोकनले शोध अध्ययनलाई सहि मार्गमा निर्देशित गर्न निश्चित सिद्धान्त तय गर्न सहयोग गरेको छ । सोध अध्ययन गर्ने क्रममा बिषय प्रसंगलाई विषयान्तर हुनबाट जोगाएको छ । अध्ययनलाई संगठित क्रमिक एवं

उद्देश्यमुखी बनाउनुका साथै बौद्धिक खुराकहरु समेत दिनमा मद्धत गरेको छ । कहिले काँही विविध विषयवस्तुहरु समेट्न खोज्दा वृहत्तर भई आउन सक्ने सैद्धान्तिक विचलनलाई समेत जोगाउनका लागि सम्बन्धित साहित्यको पुनरावलोनले मद्धत पुर्‌याउने हुँदा यसको शैक्षिक उपादेयता रहेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

अध्ययन विधि भन्नाले अध्ययन अनुसन्धान तथा खोजकार्य लाई अघि बढाउन सहयोग गर्ने मार्गदर्शक हो कुनै पनि अनुसन्धान कार्य सम्पन्न गर्नका लागि विषयवस्तुको प्रकृति अनुसार उद्देश्य प्राप्त हुनेगरी विभिन्न तरीका वा उपाय अवलम्वन गर्नुपर्ने हुन्छ । जसलाई विधि वा पद्धति भनिन्छ । विधिले अध्ययन अनुसन्धान कार्यलाई निश्चित बाटोमा अघि बढाउन र निष्कर्षमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्दछ । यस अध्ययनका लागि निर्धारित उदेश्य प्राप्तिका लागि निम्न विधि र प्रक्रिया अवलम्वन गरीएका छन् ।

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन मुलतः गुणात्मक भएतापनि तथ्याङ्क संकलन गर्दा गुणात्मक तथा परिमाणात्मक दुवै पक्षलाई समेटिएकोले अध्ययन पूर्णतया मिश्रित ढांचामा आधारीत छ । विद्यालयमा संचालन गरिने क्रियाकलापको अवस्था विश्लेषण गर्नु, अतिरिक्त क्रियाकलाप संचालनमा प्रभाव पार्ने, तत्वहरु पहिचान गर्नु अतिरिक्त क्रियाकलाप संचालन सम्वन्धि समस्याहरु पत्ता लगाउनु तथा समस्या समाधानका लागि उपयूक्त उपायहरु सुझाउनु, उद्देश्य प्राप्तिको लागि मुख्य तया गुणात्मक विधि प्रयोग गरेतापनि सूचना तथा तथ्याङ्कहरुलाई संख्यात्मक रुपमा पनि प्रस्तुत गरिने भएकोले यो अध्ययन परिमाण मिश्रित ढाचाँमा आधारित छ ।

###### ३.२ जनसंख्या तथा नमुना छनौट

नेपालमा रहेका १४ अञ्चल मध्येको एक अञ्चल लुम्विनी हो । लुम्विनी अञ्चलमा रहेका ६ वटा जिल्लाहरु मध्ये एक जिल्ला अर्घाखाँची हो । यस जिल्लामा ४२ वटा गाउँ विकास समितिरु समेटेको यस स्रोत केन्द्रमा रहेका ३१ वटा सामुदायिक विद्यालयहरुमध्ये उ.मा.वि, मा.वि तथा नि.मा.वि संचालित सवै ७ वटा र तीन वटै गा.वि.स प्रत्येकवाट प्रा.वि मात्र सञ्चालित एक-एक वटा विद्यालय सम्भावना युक्त नमुना छनौटको माध्यमबाट गोलाप्रथाद्वारा छनोट गरि जम्मा दश वटा सामुदायिक विद्यालयको प्राथमिक तहलाई अध्ययनका लागि नमुना छनोट गरिएको छ । (हेर्नुहोस परिशिष्ट : १ )

दश वटै विद्यालयका विद्यार्थी, विषय शिक्षक तथा प्र.अ, वि.व्य.स पदाधिकारी र श्रोत व्यक्तिहरुलाई छनोट गरिएको छ जसलाई तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १ : नमुना छनोटका आधार**

| क.स | विवरण | जनसंख्या | नमुना छनोट | प्रतिशत | आधार |
|---|---|---|---|---|---|
| १ | विद्यालय | ३१ | १० | ३२.२५% | उद्देश्यमुखि + गोलाप्रथा |
| २ | प्रधानाध्यापक | ३१ | १० | ३२.२५% | उदेश्यमुखि |
| ३ | विषय शिक्षक | ३१ | १० | ३२.२५% | उदेश्यमुखि |
| ४ | विद्यार्थी | २१४३ | १५० | ७% | गोलाप्रथा |
| ५ | वि.व्य.स.पदाधिकारी | १०० | २० | २०% | गोलाप्रथा |
| ६ | स्रोत व्यक्ति | १ | १ | १००% | उदेश्यमुखि |

स्रोत : स्थलगत अध्ययन , २०६८

उपरोक्त नमुना निम्नाअनुसार छनौट गरिएको थियो ।

**क) विद्यालय**

अर्घाखाँची जिल्लामा रहेका जम्मा ४०७ विद्यालयहरुमध्ये किमडाडा - ढाकावाङ्ग स्रोत केन्द्र धारापानीमा ३१ वटा सामुदायिक विद्यालयहरु रहेका छन् । किमडाडा - ढाकावाङ्ग स्रोत केन्द्रका ३१ वटा सामुदायिक विद्यालयहरु मध्ये उ.मा.वि., सञ्चालित ३ वटा, मा.वि. सञ्चालित १ वटा र नि.मा.वि. सञ्चालित ३ वटा र प्रा.वि. सञ्चालित २४ वटा विद्यालयहरु रहेका छन् । यस अध्ययनमा उ.मा.वि., मा.वि. तथा नि.मा.वि. सञ्चालित २४ वटा मध्ये प्रत्येक गा.विस.बाट एक एक वटा पर्ने गरी सम्भावनायुक्त नमुना छनौट विधीले गोलाप्रथाद्वारा तिनवटा विद्यालयहरु गरी जम्मा १० (३२%) लाई नमुना छनौट गरिएको छ ।

**ख) प्रधानाध्यपक**

एकतीस वटै विद्यालयका प्रधानाध्यपकहरुबाट नमुना छनौटमा परेका १० बटा विद्यालयका १० (३२%) प्रधानाध्यापकहरुलाई उद्देश्यमूलक ढंगले नमुना छनौट गरिएको छ ।

**ग) विषय शिक्षक**

एकतीस वटै विद्यालयको प्राथमिक तहमा शि.अ.क.लाई अध्यापन गर्ने ३१ शिक्षकहरु मध्येबाट नमुना छनौटमा परेका १० वटा विद्यालयका १०(३२%) विषय शिक्षकहरुलाई उद्देश्यमुलक तरिकाले नमुनाको रुपमा छनौट गरिएको छ ।

**घ) विद्यार्थी**

एकतीस वटा विद्यालयमा रहेका जम्मा २१४३ जना विद्यार्थीहरु मध्येबाट नमुना छनौटमा परेका १० वटा विद्यालयका प्रत्येकबाट १५ जनाका दरले जम्मा १५०(७%) विद्यार्थीहरु गोलाप्रथा द्धारा नमुना छनौट गरिएको छ ।

**ङ) वि.व्य.स. पदाधिकारी**

नमुना छनौटमा परेका १० वटा विद्यालयका १०० जना वि.व्य.स. पदाधिकारी मध्येवाट प्रत्येक विद्यालयबाट २ जनाका दरले गोलाप्रथाबाट २०(२०%) पदधिकारीहरुलाई  नमुना छनौट गरिएको छ ।

**च) स्रोत व्याक्ति**

नमुना छनौटमा परेको स्रोत केन्द्र किमडाडा - ढाकावाङ्ग स्रोत केन्द्रको स्रोत व्याक्ति १ (१००%) लाई उद्देश्यमुलक तरिकाले नमुना छनौट गरिएको छ ।

###### ३.३ तथ्याङ्को स्रोत

यस अध्ययनमा निर्धारित उदेश्यहरु परिपुर्ति गर्नको लागि तथ्याङ्क संकलनका स्रोतहरुमा छनोटमा परेका विद्यालयहरुका प्रधानाध्यापक, विषय शिक्षक, विद्यार्थीहरु विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सम्वन्धित क्षेत्रको स्रोतव्यक्ति प्राथमिक तथ्याङ्कका स्रोतहरु हुन भने सर्न्दभ सामाग्री लेख रचना पत्रपत्रिका, पुस्तक, शोधपत्र विद्यालयको वार्षिक कार्ययोजना, पाठ्यक्रम, अतिरिक्त क्रियाकलाप योजना आदि सहायक तथ्याङ्क संकलनका स्रोतहरु रहेका छन् ।

###### ३.४ तथ्याङ्क संकलनका साधन

यस अध्ययनका लागि उद्देश्यका आधारमा तथ्यांक संकलनका साधन, उत्तरदाता र प्राथामिकता क्षेत्रलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ : तथ्यांक संकलनका साधन, उत्तरदाता र प्राथामिकता क्षेत्र**

| उद्देश्य | साधन | उत्तरदाता | प्राथामिकता क्षेत्र |
|---|---|---|---|
| अतिरिक्त क्रियाकलापको अवस्था | सर्भेक्षण फारम | विद्यालय प्रसाशन,प्र.अ. | अतिरिक्त क्रियाकलापको |

| | | | |
|---|---|---|---|
| | | | विवरण, सञ्चालित क्रियाकलाप |
| अतिरिक्त क्रियाकलापमा प्रभाव पार्ने तत्व | अर्न्तवार्ता प्रश्नावली | प्र.अ, शिक्षक, वि.व्य.स पदाधिकारी, विद्यार्थी, स्रोत व्यक्ति | आर्थिक, भौतिक, प्रसाशनिक, शैक्षिक, अन्य |
| अतिरिक्त क्रियकलाप सञ्चालनमा देखिएका समस्या | अर्न्तवार्ता प्रश्नावली | प्र.अ, शिक्षक, वि.व्य.स पदाधिकारी, विद्यार्थी, स्रोत व्यक्ति | अतिरिक्त क्रियाकलाप सञ्चालनमा देखिएका समस्या |
| समस्या समाधानका उपाय | अर्न्तवार्ता प्रश्नावली | प्र.अ, शिक्षक, वि.व्य.स पदाधिकारी, विद्यार्थी, स्रोत व्यक्ति | समस्या समाधानका उपाय, अपेक्षित सुझाव |

प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको  अवस्था शिर्षकको यस सोध अध्ययनमा निर्धारित उद्देश्य प्राप्तिका लागि तथ्याङ्क संकलन गर्न निम्नानुसार का साधन प्रयोग गरिएको छ।

### क. सर्वेक्षण फारम

यस अध्ययनमा निर्धारित प्रथमिक तहमा संचालन हुने अतिरिक्त क्रियाकलाप को अवस्था बारे तथ्याङ्क संकलन गर्नका लागि विद्यालय सर्वेक्षण फारमको प्रयोग तथ्याङ्क संकलन गरिएको छ। (हेर्नुहोस,परिशिष्ट : ६ )

### ख. अन्तरवार्ता प्रश्नावली

यस अध्ययनमा निर्धारित अतिरिक्त क्रियाकलापमा प्रभावपार्ने तत्वहरु पहिचान गर्नु समस्याहरु पहीचान गर्नु तथा अतिरिक्त क्रियाकलाप संचालनमा देखिएका समस्याहरु पत्ता लगाउन र समस्या समाधानका उपायहरु सुझाउनु, उदेश्य प्रप्तिका लागि प्रधानाध्यापक, शिक्षक, वि.व्य.स पदाधिकारी एवम् विद्यार्थी तथा स्रोत व्यक्ति का लागि अर्न्तवाता प्रश्नावलीको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ। जसमा अतिरिक्त क्रियाकलापको योजना, क्षेत्र, उपस्थिति, सक्रियता अतिरिक्त क्रियाकलाप सञ्चालन हुने समय, अतिरिक्त क्रियाकलापका बाधक तत्वहरु, बल र दुर्बल पक्षहरु सामग्रीहरु, मनपर्ने क्रियाकलापहरु, पठनपाठनमा पार्ने प्रभाव, खेलमैदानको अवस्था, विद्यालय बाहिरको उपस्थिती, हौसला प्रदान गरे नगरेको, रुचि क्षमता र स्तर अनुसार सञ्चालन भए नभएको, दिवस, वार्षिक उत्सवमा सञ्चालन भए नभएको बारेमा प्रश्नहरु रहेका छन्।(हेर्नुहोस,परिशिष्ट २,३,४ र ५)

### ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनमा निर्धारित उद्देश्यहरु परिपुर्ति गर्नका लागि तयार पारिएका तथ्याङ्क संकलनका साधन लिई सोधकर्ता स्वय नमुना छनोटमा परेका विद्यालयहरुमा गई तथ्याङ्क संकलन गरिएको छ। समय साधन र स्रोतको अभावको वावजुद पनि नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक शिक्षक, वि.व्य.स पदाधिकारी एवम् विद्यार्थी संग भेटघाट गरि अन्तवार्ता प्रश्नावली को माध्यमवाट प्राथमिक तथ्याङ्क तथा विद्यालय सर्वेक्षण फारम, पुस्तक, पत्रपत्रिका शोधपत्र, लेखासंरचना, वार्षिक कार्ययोजना अतिरिक्त क्रियाकलापको योजना आदिको अध्ययन गरि सहायक तथ्याङ्क संकलन गरिएको छ।

### ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

संकलन तथ्याङ्कहरुलाई निर्धारित उद्देश्यको आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरि तालिकीकरण समेत गरिएको छ। आवश्यक स्थानमा तथ्याङ्कीय सुत्रहरुको प्रयोग गरी प्रतिशतमा समेत देखाइएको छ। निर्धारित उद्देश्यको क्रम अनुसार तथ्याङ्क लाई विभिन्न शीर्षक एवम् उपशीर्षकहरुमा विभाजन गरि वर्णानात्मक रुपमा प्रतिक्रियाहरुको व्याख्या र विश्लेषण गरिएको छ।

# परिच्छेद चार : तथ्याङकको व्याख्या तथा विश्लेषण

प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको अवस्था शीर्षकको अध्ययनको केन्द्रबिन्दु विद्यालय भएकोले, विद्यालय स्तरमा संचालन गरिने अतिरिक्त क्रियाकलापहरु विद्यार्थीमाथि केन्द्रित हुने भएकोले प्रत्यक्ष रुपमा अनुसन्धानकर्ता विद्यालयमै गएर विद्यार्थी, प्र.अ.विषय शिक्षक, अभिभावक तथा वि.व्य.स.का प्रतिनिधिहरु वाट प्राप्त तथ्याङ्क तथा प्रतिक्रियाहरु र विद्यालय सर्वेक्षण फाराम वाट संकलन गरिएका तथ्याङ्कहरुलाई अध्ययनको उद्देश्यको क्रमअनुसार निम्न शीर्षक र उपशीर्षकहरुमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

**४.१ प्राथमिक तहमा संचालन हुने अतिरिक्त क्रियाकलापको अवस्था**

**४.२ अतिरिक्त क्रियाकलाप संचालनमा प्रभाव पार्ने तत्व**

**४.३ अतिरिक्त क्रियाकलाप संचालनमा देखिएका समस्या**

**४.४ समस्या समाधानका लागि उपयुक्त उपाय**

## ४.१ प्राथमिक तहमा संचालन हुने अतिरिक्त क्रियाकलापको अवस्था

विद्यालय सर्वेक्षण फारामवाट प्राप्त तथ्याङकको आधारमा वर्तमान अतिरिक्त क्रियाकलापको अवस्थालाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ४.१.१ अतिरिक्त क्रियाकलापको विवरण

तालिका अनुसार दशवटा विधालयहरुमा वर्षभरिमा जम्मा १८० वटा अतिरिक्त क्रियाकलापहरुमा संचालन भएको मध्ये श्री जनशान्ती प्रा.वि. किमडांडाले सवैभन्दा वढि २९ वटा (१६%) र अन्नपुर्ण नि.मा.वि. धारापानीले सवैभन्दा कम १३ वटा (७ %) कार्यक्रमहरु संचालन गरेको पाइयो त्यसैगरी सवैभन्दा वढि पटक संचालन भएको अतिरिक्त क्रियाकलाप मूसोविरालो २६ पटक (१४%) र सवैभन्दा कम पटक संचालन भएको अतिरिक्त क्रियाकलाप लोक नुत्य १७ पटक (९%) संचालन भएको पाइयो । अतिरिक्त क्रियाकलापहरु

केहि शुक्रवारहरु बाहेक प्रत्येक शुक्रवारहरुमा तथा अन्य अवसर समेतमा गरि कम्तीमा पनि प्रत्येक विद्यालयहरुमा वार्षिक ३० पटक जति संचालन हुनैपर्नेमा नभएको पाइयो अतः बालबालिकाहरुलाई बढिभन्दा बढि अतिरिक्त क्रियाकलापहरुमा सहभागी गराउन प्रेरणा र पुनर्वल प्रदान गरी पटक पटक प्रयास गराई सिकाइमा हुने गल्तीहरु कम गर्दै सहि विकल्पको छनोट गरी सिकाई सिक्नको लागि विद्यालयहरुले थप अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । जसबाट अर्नडाइको प्रयत्न र भूलको सिद्वान्छ अनुरुप सिकाई उपलब्धी उच्च हुने देखिन्छ । अतिरिक्त क्रियाकलाप विवरणलाई तालिका ३ मा प्रस्तुत गरिएको छ ।

**तलिका ३ : अतिरिक्त क्रियाकलाप विवरण**

| क.स | विद्यालयको नाम | क्रियाकलापहरु र संचालन भएको पटक (वर्षमा) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | डण्डीवीयो | लुकामारी | रुमालचोर | लोकनृत्य | स्किपिङ्ग | चम्चादौड | मुसोविरालो | हाजिर जवाफ | जम्मा |
| १. | चौर प्रा.वि. | २ | २ | २ | १ | २ | ३ | ३ | २ | १७ (९) |
| २. | भगवति नि.मा.वि | ३ | ३ | १ | २ | २ | १ | १ | २ | १५(८) |
| ३. | वालशिक्षा नि.मा.वि | ३ | २ | ३ | २ | ३ | ३ | २ | १ | १९(११) |
| ४. | विश्व उ.मा.वि | १ | ३ | ४ | १ | १ | ४ | ३ | २ | १९(११) |
| ५. | अन्नपुर्ण नि.मा.वि | २ | १ | २ | १ | २ | २ | २ | १ | १३(७) |
| ६. | शान्ति उ.मा.वि | ३ | २ | ३ | २ | ३ | १ | ३ | ३ | २०(११) |
| ७. | प्रभाकर मा.वि | २ | २ | २ | १ | १ | ३ | २ | २ | १५(८) |
| ८. | विरेन्द्र प्रा.वि | ३ | २ | १ | ३ | २ | १ | ३ | ३ | १८(१०) |
| ९. | जनताकृष्ण उ.मा.वि | २ | १ | ३ | १ | १ | २ | ३ | २ | १५(८) |
| १०. | जनशान्ति प्रा. वि. | २ | ४ | ४ | ३ | ४ | ३ | ४ | ५ | २९(१६) |
| जम्मा | | २३(१३) | २२(१२) | २५(१४) | १७(९) | २१(१२) | २३१३) | २६१४) | २३(१३) | १८०(१००) |

(कोष्ठको अंकले प्रतिशत जनाउँछ) स्रोत : स्थलगत अध्ययन २०६८

### ४.१.२ विद्यार्थीले मन पराएका अतिरिक्त क्रियाकलाप

अध्ययन क्षेत्रका १० वटै विद्यालयका अध्ययनमा परेका विद्यार्थीहरुले मन पराएका क्रियाकलाप निम्नानुसार प्रस्तुत गरिएको छ ।

## तालिका ४ : विद्यार्थीले मन पराएका अतिरिक्त क्रियाकलाप

| क.स | विद्यालय | अतिरिक्त क्रियाकलाप -मन पराउने संख्या ) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | डण्डीवियो | लुकामारी | रुमालचोर | लोकनृत्य | स्किपिङ्ग | मुसोविरालो | चाम्चा दौड | घैटो फोर | हाजिरि जवाफ | जम्मा विद्यार्थी |
| १ | चौर प्रा.वि | ३ | १ | २ | ३ | २ | १ | १ | १ | १ | १५(१००) |
| २ | वालशिक्षा नि.मा.वि | २ | १ | ३ | १ | १ | ३ | १ | २ | १ | १५(१००) |
| ३ | भगवति नि.मा.वि | १ | २ | १ | २ | २ | २ | २ | १ | २ | १५(१००) |
| ४ | विश्व उ.मा.वि | १ | १ | २ | १ | २ | २ | २ | २ | २ | १५(१००) |
| ५ | अन्न पुर्ण नि.मा.वि | १ | १ | २ | १ | १ | ३ | २ | १ | २ | १५(१००) |
| ६ | शान्ती उ.मा.वि | २ | १ | ३ | २ | १ | १ | १ | २ | १ | १५(१००) |
| ७ | प्रभाकर मा.वि | १ | २ | २ | १ | २ | ३ | १ | १ | २ | १५(१००) |
| ८ | विरेन्द्र प्रा.वि | १ | २ | २ | ३ | १ | २ | २ | १ | १ | १५(१००) |
| ९ | जनताकुष्ण उ.मा.वि | २ | १ | २ | २ | ३ | १ | ३ | ० | २ | १५(१००) |
| १० | जन शान्ती प्रा.वि | १ | २ | २ | २ | १ | ३ | ३ | ० | २ | १५(१००) |
| जम्मा | | १५(१० ) | १५(१०) | २१(१४) | १७ (१२) | १५( १०) | २१(१४) | १५ (१०) | १३ (१३ ) | १५ (१० ) | १५०(१००) |

(कोष्ठको अंकले प्रतिशत जनाउदछ) स्रोत : स्थलगत अध्ययन २०६८

तालिका ४ अनुसार विद्यार्थीले मन पराउने क्रियाकलापहरु उल्लेख गरिएको छ जस अनुसार अध्ययनको छनोटमा परेका १० वटा विद्यालयका जम्मा १५० जना विद्यार्थीहरुमध्ये सवैभन्दा बढि विद्यार्थी २३ जना (१५%) ले मुसो विरालो मन पराएको पाइयो त्यसै गरि सवैभन्दा कम १३ जना (९%) विद्यार्थीहरुले घैटो फोर मन पराएको पाइयो । त्यसै गरि डण्डीवियो १६ जना (११%) , लुकामारी १६ (११%) रुमाल चोर २२ जना (१५%) लोक नृत्य १६ (११%) ,स्किपिङ्ग १५ (१०%) चम्चा दौड १४(९%) र हाजिरि जवाफ १५ जना (१०%) विद्यार्थीहरुले मन पराएको पाइयो । विद्यार्थीहरुले मुसोविरालो जस्ता सामुहिक खेलहरु बढि मन पराएको पाइयो जसबाट के भन्न सकिन्छ भने प्राथमिक तहका बालबालिकाहरु समुहमा रमाउन खोज्छन् र सामुहिक रुपमा चालचलन तथा बोलीचाली र सद्भाव जस्ता कुराहरुमा बढि चासो लिन्छन् । त्यसैले यस्ता किसिमका सामुहिक खेलहरु बढि खेलाइनु पर्दछ ।

अतिरिक्त क्रियाकलापहरु विद्यार्थीहरुले मन पराएका वढि खेलाउन पर्ने देखियो । तर विद्यालयहरुले त्यस्ता क्रियाकलापहरुलाई बढि प्राथमिकता दिई अथवा विद्यार्थीहरुको पनि राय सुझाव अनुसार क्रियाकलापहरु सञ्चालन गरेको पाइएन । विद्यालयहरुले आफ्नै किसिमले क्रियाकलापहरु सञ्चालन गर्ने गरेको पाइयो । माथिको तालिका अनुसार सबै भन्दा बढि विद्यार्थीले मन पराएको क्रियाकलाप मूसोविरालो १० वटा विद्यालयहरुले बर्ष भरिमा जम्मा २१ पटक मात्र सञ्चालन गरेको पाइयो । जसबाट सञ्चालित क्रियाकलापहरु विद्यार्थीको रुची अनुसारका छैनन् भन्ने कुरा बुझिन्छ र क्रियाकलापहरु सञ्चालन गर्दा विद्यार्थीहरुको स्तर, रुची, चहाना, क्षमता, उमेर अनुसारका गर्नु आवश्यक देखिन्छ । त्यसैले प्याभलवको सम्वन्ध प्रत्यावर्धनको सिद्धान्त अनुसार विद्यार्थीलाई उत्प्रेरित गर्ने क्रियाकलापहरु जस्तै मुसोविरालो, रुमाल चोर, लोक नृत्य, हाजिरी जवाफ आदि वढी भन्दा वढि संचालन गरेर प्रेरण पुर्नवल अभ्यास, आशा र वाधक उत्तेजनाहरुको अनउपस्थिति गराई  सिकाइलाई प्रभावकारी वनाउनु पर्ने देखियो ।

### ४.१.३ संचालित अतिरिक्त क्रियाकलापको वर्गिकरण

**तालिका ५ : संचालीत अतिरिक्त क्रियाकलापको वर्गिकरण**

| क्र.स. | विद्यालय | क्रियाकलापको क्षेत्र (वार्षिक) पटक | | | | |
|---|---|---|---|---|---|---|
| | | शारीरिक | संरचनात्मक | मानसिक | अन्य | जम्मा |
| १ | चौर प्रा.वि | २ | ४ | ४ | ७ | १७ |
| २ | भगवती नि.मा.वि. | ३ | ३ | ५ | ४ | १५ |
| ३ | वालशिक्षा न.मा.वि. | ३ | ५ | ५ | ६ | १९ |
| ४ | विश्व उ.मा.वि. | ४ | ५ | ६ | ४ | १९ |
| ५ | अन्नपूर्ण नि.मा.वि. | २ | ३ | ४ | ४ | १३ |
| ६ | शान्ति उ.मा.वि. | २ | ४ | ६ | ८ | २० |
| ७ | प्रभाकर मा.वि. | २ | ४ | ४ | ५ | १५ |
| ८ | बीरेन्द्र नि.मा.वि. | ३ | ५ | ५ | ५ | १८ |
| ९ | जनता कृष्ण उ.मा.वि. | २ | ३ | ५ | ५ | १५ |
| १० | जनशान्ति प्रा.वि. | ३ | ७ | ८ | ११ | २९ |
| | जम्मा | २६(१४) | ४३(२४) | ५२(२९) | ५९(३३) | १८० |

(कोष्ठको अंकले प्रतिशत जनाउछ)　　　　स्रोत-स्थलगत अध्ययन २०६८

तालिका ५ अनुसार विभिन्न क्षेत्रसगँ सम्वन्धित विद्यालयमा सञ्चालित अतिरक्त क्रियाकलापहरु १० वटै विद्यालयमा संचालन भएका १८० मध्ये शारीरिक विकाससँग सम्बन्धित जस्तै-भलिवल, रिले दौड, पि.टी, कवाज आदि २६ पटक (१४%), संरचनात्मक सम्बन्धित जस्तै- लोकगित, दोहोरीगित, कथा, कविता, निवन्ध, पर्व अनुसारका गीत ४३ पटक (२४%), मानसिक विकाससँग सम्बन्धित जस्तै- वक्तृत्वकला, हाजिरीजवाफ, कथा, अन्ताक्षरी आदि ५२ पटक (२९%) र अन्य कार्यक्रमहरु जस्तै-चम्चा दौड, चित्रकला, शैक्षिक भ्रमण, कुर्चि दौड आदि ५९ पटक (३३%) संचालन गरेको पाईयो ।

विभिन्न क्षेत्रसंग सम्बन्धित अतिरिक्त क्रियाकलापहरु सवैजसो विद्यालयमा कम संचालन गरेको पाईयो । हरेक विद्यालयमा अतिरिक्त क्रियाकलापहरु बढि संचालन गर्नुपर्ने देखियो । १० वटा विद्यालयहरुमा विभिन्न क्षेत्रसँग सम्वन्धित क्रियाकलापहरु जम्मा वर्षमा १८० पटक मात्र संचालन भएको पाईयो । विद्यार्थीहरुको सर्वपक्षिय विकासको लागि विद्यालयहरुले हरेक पक्ष संग सम्बन्धित अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने हुन्छ । तर माथिको तालिका अनुसार विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरु अत्यान्त कम संख्यामा सञ्चालन भएको देखिन्छ । एक बर्ष भित्रमा १० वटा विद्यालयहरुले १८० वटा मात्र क्रियाकलाप सञ्चालन गरेको देखिन्छ । जुन प्रत्येक महिनामा २ वटाका दरले भन्दा पनि कम हुन आउँछ । प्रत्येक शुक्रवार सम्भव नभएपनि कम्तीमा पनि महिनाको २ पटक र अन्य अवसरहरु समेत प्रत्येक विद्यालयहरुले बार्षिक रुपमा ३० वटा क्रियाकलाप अनिवार्य सञ्चालन गर्नुपर्ने हो तर त्यसो नभएको पाइयो ।

विद्यार्थीले अतिरिक्त क्रियाकलापमा, गर्ने क्रियाकलापमा गरेका गल्तीहरु सच्याउदै सहि क्रियाकलापको छनौट गर्दै ठिक ठिक व्यवहार देखाउनका लागि बढि भन्दा बढि अतिरिक्त क्रियाकलाप सञ्चालन गरि थर्नडाइकको प्रयत्न र भुलको सिकाई सिद्धान्तको आधारमा सिकाई सिक्ने वातावरण मिलाउनको लागि विद्यालयहरुले पहल गर्नुपर्ने देखिन्छ । प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलापहरुको संख्या बढाउनुपर्ने देखिन्छ । साथै हरेक शुक्रबारहरुमा तथा अन्य विभिन्न अवसरुहरुमा पनि अतिरिक्त क्रियाकलापहरु थप संचालन गर्नुपर्ने देखिन्छ ।

## ४.२ अतिरिक्त क्रियाकलाप संचालनमा प्रभावपार्ने तत्व

अतिरिक्त क्रियाकलाप संचालनमा प्रभाव पार्ने तत्व पहिचान गर्नको लागि प्रधानाध्यापक, वि.ब्य.स. पदाधिकारी, शिक्षक, विधार्थी तथा स्रोतव्यक्तिहरुसंगको अन्तरवार्ता प्रश्नावली अनुसार लिइएको प्रतिक्रियाहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ६ : अतिरिक्त क्रियाकलापमा प्रभाव पार्ने तत्व**

| प्रभाव पार्ने तत्व | उत्तरदाता | | | | |
|---|---|---|---|---|---|
| | प्र.अ. | वि.व्य.स. पदाधिकारी | शिक्षक | विद्यार्थी | स्रोत व्यक्ति |
| आर्थिक तत्व | ८ (८०) | १८ (८०) | ६ (८०) | १५०० (७०) | १ (१००) |
| भौतिक | ८ (८०) | १४ (७०) | ९ (९०) | १२८६ (६०) | १ (१००) |
| प्रशासनिक | ८ (८०) | ८ (४०) | ९ (९०) | १७४१ (८०) | १ (१००) |
| शैक्षिक | ६ (६०) | १२ (६०) | ८ (८०) | ८५७ (८०) | १ (१००) |
| अन्य | ५ (५०) | १४ (७०) | ५ (५०) | १७१४ (८०) | १ (१००) |

कोष्ठको अंकले प्रतिशत जनाउँछ ।                    स्रोत : स्थलगत अध्ययन २०६८

### ४.२.१ आर्थिक तत्व

प्राथामिक तहमा अतिरिक्त क्रियाकलाप सञ्चालनमा प्रभाव पार्ने तत्वहरु मध्ये आर्थिक तत्व पनि प्रमुख रहेको पाइएको छ । यस्ता आर्थिक तत्वलाई निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ७ : आर्थिक तत्व**

| आर्थिक तत्व | उत्तरदाता | | | | |
|---|---|---|---|---|---|
| | प्र.अ. | शिक्षक | विद्यार्थी | पदाधिकारी | स्रोत व्यक्ति |
| अभिभावकको आय | ८ (८०) | ६ (६०) | १०७२ (५०) | १२ (६०) | १ (१००) |
| सन्तुलित भोजन | १० (१००) | ९ (९०) | १२८६ (६०) | १६ (८०) | १ (१००) |
| सामग्रीहरुको अभाव | १० (१००) | १० (१००) | १९२९ (९०) | १४ (७०) | १ (१००) |

कोष्ठको अंकले प्रतिशत जनाउँछ ।                    स्रोत : स्थलगत अध्ययन २०६८

अनुसन्धानमा परेका प्रत्येक विद्यालयका अधिकांस अभिभावककहरु न्युन आयस्रोत भएकोले अतिरिक्त क्रियाकलापहरुमा भाग लिंदा लगाउनुपर्ने पोशाक समेत किन्न कठिनाई परेको धारणा ८०% प्र. अ. तथा ६०% शिक्षककहरुवाट पाइयो। साथै निम्न आय भएका अभिभावककहरुका छोराछोरीहरुले सन्तुलित भोजनको अभावको कारणले पनि शरिर तन्दुरुस्त नभएकोले अतिरिक्त क्रियाकलापमा भाग लिन अनिच्छा देखाउने धारण ९०% शिक्षक, १०० % प्र.अ. तथा ८०% वि. ब्य. स. का प्रतिनिधीहरुको पाइयो । अध्ययनमा संलग्न शत प्रतिशत शिक्षक, प्र. अ. तथा ७०% वि.ब्य.स. पदाधिकारीहरुले विद्यालयमा आर्थिक अभावका कारण शैक्षिकतथा अतिरिक्र क्रियाकलापका सामाग्रीहरु जुटाउन नसकेको धारणा राखेको पाइयो ।

अतिरिक्र क्रियाकलाप विनाको सिकाई अधुरो हुने भएकाले कमजोर आर्थिक अवस्था भएका विद्यार्थीहरुलाई विद्यालयबाट पोशाक तथा सन्तुलित भोजनको व्यवस्था गरी प्रसस्त मात्रामा खेल सामग्री जुटाएर अतिरिक्त क्रियाकलाप र शिक्षण सिकाई क्रियाकलापहरुलाई सम्बन्धित गराएर प्याभलभको सम्बन्ध प्रत्यावर्धनको सिद्वान्त अनुसार थप प्रेरणा र पुनर्वल दिई निरन्तर अभ्यास गराएर स्यावासी तथा पुरस्कारको आशामा बाधक उत्तेजनाहरुको अनुपस्थिति गराएर सिकाइमा संलग्न गराउनुपर्ने देखिन्छ ।

### ४.२.२ भौतिक तत्व

अतिरिक्त क्रियाकलाप संचालनमा प्रभाव पार्ने तत्वमध्येको अर्को तत्व भौतिक जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ८ : भौतिक तत्व**

| भौतिक तत्व | उत्तरदाता | | | | |
|---|---|---|---|---|---|
| | प्र.अ. | शिक्षक | विद्यार्थी | वि.व्य.स. | स्रोत व्यक्ति |
| खेलमैदान | ८ (८०) | ९ (९०) | ८५७ (४०) | १४ (७०) | १ (१००) |
| सामग्रीहरु | ९ (९०) | १० (१००) | १५०० (७०) | ८ (४०) | १ (१००) |
| पुस्तकालय | ७ (७०) | ६ (६०) | ८५६ (४०) | १० (५०) | १ (१००) |

कोष्ठको अंकले प्रतिशत जनाउँछ ।  स्रोत : स्थलगत अध्ययन २०६८

अध्ययनमा संलग्न ८०% प्र .अ. र ७० % वि .ब्य .स. पदाधिकारीहरुका अनुसार तथा ९०% शिक्षकहरुका अनुसार विद्यालयहरुमा प्रर्याप्त खेलमैदानको अभाव छ। खेलमैदानको सतह मिलेको छैन र कहिले धुलो त कहिले चिप्लो हुने गर्छ। ८०% शिक्षक, ५०% प्र.अ., ६०% विद्यार्थी तथा ४०% वि.ब्य.स पदाधीकारीहरुले विद्यालयमा शैक्षिक तथा खेल सामाग्रीको कमि भएको धारणा पाइयो साथै सत प्रतिशत शिक्षक तथा ९०% प्र .अ. र ७०% विद्यार्थीहरुले भएका शैक्षिक तथा खेलसामाग्रीहरु पनि सदावहार नभएको भन्ने धारणा राखेको पाइयो।

पुस्तकालयको अभावमा अध्ययनको कमीले अतिरिक्त क्रियाकलाप खेलहरु संचालन गर्न कठिनाई भएको धारणा ६०% शिक्षकहरु त्था ७०% प्र. अ. हरुवाट पाइयो। खेल मैदान उपयुक्त भएन भने अतिरिक्त क्रियाकलाप राम्रो संग सञ्चालन गर्न असम्भव हुन्छ खेल मैदानमा पानी जम्ने, हिलो हुने, ढुंगाहरु भएको, सतह नमिलेको, बढि हावा लाग्ने वा घामै नलाग्ने जस्ता समस्याहरु रहेको पाइयो। साथै खेल सामग्रीहरु टुटे फुटेका पुराना र क्षतिग्रस्त भएका पाइयो। जसबाट राम्रो संग सिकाई सिक्ने कार्य नहुने देखियो।

अतः बालबालिकाहरुलाई जुनकुरा सिकाउन पर्नेछ, त्यो कुरालाई अतिरिक्त क्रियाकलापहरुको माध्यमबाट, खेलहरुको माध्यमबाट सिकाउनका लागि अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि आवश्यक पर्ने भौतिक स्रोत, साधनहरुको अवस्था राम्रो पारेर अतिरिक्त क्रियाकलापहरुमा भाग लिनको लागि प्रेरणा प्रदान गरी विभिन्न क्रियाकलापहरुमा गरेका गल्तीहरुलाई घटाउँदै ठिक-ठिक क्रियाकलापको माध्यमबाट थर्नडाइकको प्रयत्न र भुलको सिद्वान्त वमोजिम सिकाई सिक्नको लागि अवसर दिनुपर्ने देखिन्छ।

### ४.२.३ **प्रशासनिक तत्व**

प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप संचालनमा प्रभाव पार्ने तत्वहरु मध्येको एक प्रमुख तत्व प्रशासनिक तत्व पनि हो , त्यस्ता प्रमुख प्रशासनिक तत्वलाई निम्नानुसार उल्लेख गरिएको छ।

**तालिका ९ प्रशासनिक तत्व**

| प्रशासनिक तत्व | उत्तरदाता | | | | |
|---|---|---|---|---|---|
| | प्र.अ. | शिक्षक | विद्यार्थी | पदाधिकारी | स्रोत व्यक्ति |
| शिक्षक छनौट | ८ (८०) | ९ (९०) | ८५८० (४०) | ८ (४०) | १ (१००) |
| शिक्षकको सेवासर्त सुविधा | ८ (८०) | १० (१००) | ८५६ (४०) | १० (५०) | १ (१००) |
| अनुशासन | १ (१०) | २ (२०) | १७१४ (८०) | ८ (४०) | १ (१००) |
| कक्षा निरीक्षण | ४ (४०) | ५ (५०) | १२८५ (६०) | १४ (७०) | १ (१००) |
| योग्यले माथिल्लो कक्षामा पढाउने | ३ (३०) | ८ (८०) | १०७१ (५०) | १६ (८) | १ (१००) |

कोष्ठको अंकले प्रतिशत जनाउँछ । स्रोत : स्थलगत अध्ययन २०६८

अतिरिक्त क्तियाकलापमा प्रभाव पार्ने प्रशासनिक तत्वहरुमा शिक्षक छनौट प्रक्रिया, शिक्षकको सेवा, सर्त र सुविधाहरु कक्षा निरिक्षण, माथिल्लो कक्षा लिनुपर्ने, आदि रहेका छन् । ८०% प्र अ, ९०% शिक्षकहरु र ४०% वि.ब्य.स पदाधिकारीहरुले विधालयमा शिक्षक नियुक्ति गर्दा व्यवस्थापन समितिका सदस्यहरुको मिलेमतोमा शिक्षक नियुक्ति गर्ने र त्यस्ता शिक्षकहरुले विधालयको हितमा काम गर्ने धारणा राखेको पाइयो । त्यस्तै सतप्रतिशत शिक्षक तथा ८०% प्र .अ र ५०% वि.ब्य.स पदाधिकारी तथा ४०% विधार्थीहरुले विधालयमा निजी स्रोतमा राखिएका शिक्षकहरुलाई अत्यान्त कम पारिश्रमिक लगायतका सुविधाहरु दिने गरिएकाले उनिहरुले दत्तचित्त भएर काम नगर्ने गरेको धारणा पाइयो भने ४०% विधालय व्यवस्थापन समितिका पधादिकारीहरु तथा ८०% विधार्थीहरुले विधालय प्रशासनले कडा अनुशासनमा राख्ने तथा अतिरिक्त क्रियाकलापहरु गर्दा विधार्थीहरुलाई अनुशासानको कारवाही गर्ने धारणा राखेको पाईयो । सत प्रतिशत शिक्षक तथा वि.व्य.स पदाधिकारी तथा ६०% विधार्थीहरुले विधालय प्रसासन फितलो र निरीक्षण नहुने भएको धारणा राखेको पाइयो जसले गर्दा शिक्षकहरुले शिक्षण सिकाइको अभिन्न अंग अतिरिक्त क्रियाकलाप संचालनमा ध्यान नदिएको धारणा पाइएको थियो । यस्तै ८०% पदाधिकारीहरु तथा ३०% प्र.अ.ले योग्य

शिक्षकहरु प्रथामिक तहको भएता पनि माथिल्लो कक्षाहरुमा पढाउने र तल्लो तहमा निजी तथा कम योग्य शिक्षकहरुले पढाउने गरेकाले प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप संचालन गर्न कठिनाई भएको धारण राखेको पाइयो ।

## ४.२.४. शैक्षिक तत्व

प्राथमिक तहमा संचालन हुने अतिरिक्त क्रियाकलापमा प्रभाव पार्ने तत्वहरु मध्ये शैक्षिक तत्व पनि प्रमुख तत्व हो । त्यस्ता प्रमुख शैक्षिक तत्वलाई निम्नुसार उल्लेख गरिएको छ ।

**तालिका १० : शैक्षिक तत्वहरु**

| शैक्षिक तत्व | उत्तरदाता | | | | |
|---|---|---|---|---|---|
| | प्र.अ. | शिक्षक | विद्यार्थी | पदाधिकारी | स्रोत व्यक्ति |
| शिक्षक तालीम | ६ (६०) | ८ (८०) | २१५ (१०) | १२ (६०) | १ (१००) |
| शिक्षकको अवस्था | ५ (५०) | ६ (६०) | ८५७ (४०) | १० (५०) | १ (१००) |
| सामग्री छनौट र प्रयोग | ४ (४०) | ८ (८०) | १३९३ (६५) | १२ (६०) | १ (१००) |
| सन्दर्भ सामग्री | ६ (६०) | ५ (५०) | ४३१ (२०) | ४ (२०) | १ (१००) |

कोष्ठको अंकले प्रतिशत जनाउँछ ।                    स्रोत : स्थलगत अध्ययन २०६८

अध्ययनमा संलग्न ६०% प्र.अ., ८०% शिक्षक र ६०% वि. व्य. स. पदाधीकारीहरुले तालिम प्राप्त शिक्षक नभएकोले प्राथमिक तहको अतिरिक्त क्रियाकलाप संचालनमा प्रभाव परेको कुरा वताए, त्यस्तै शिक्षकको अवस्था अर्थात उमेर ढल्केको तथा नवप्रवेशी शिक्षकहरुलाई प्राथमिक तहमा अध्यापन गर्न पठाइने भएकोले पनि अतिरिक्त क्रियाकलाप संचालमा प्रभाव परेको धारणा ४०% विद्यार्थी ५०% वि.व्य. स. पदाधीकारी तथा ६०% शिक्षहरुवाट पाईयो । त्यस्तै शिक्षकले सामग्री छनोट र प्रयोग उपयुक्त ढंगले गर्न नसक्नाले पनि अतिरिक्त क्रियाकलाप संचालनमा प्रभाव परेको धारणा ६५% विद्यार्थी, ६०% वि. व्य. स. पदाधिकारी तथा ८०% शिक्षकहरुको  पाईयो । त्यस्तै सन्दर्भ सामग्रीहरुको अभाव तथा प्रयोग नगर्नुले अतिरिक्त क्रियाकलाप संचालनमा प्रभाव पारेको धारणा ५०% शिक्षकहरु तथा ६०% प्र. अ. बाट पाईएको थियो ।

तालिम अप्राप्त शिक्षकलाई अतिरिक्त क्रियाकलापहरु किन र कसरी सञ्चालन गर्नुपर्छ भन्ने कुराको ज्ञान नहुने त्यस्तै उमेर ढल्केको बुढो शिक्षकहरुले अतिरिक्त क्रियाकलाप सञ्चालनमा चासो नदिने तथा नवप्रवेशी शिक्षकहरुले पनि अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न प्रभावकारी ढंगले नसक्ने साथै यस्ता शिक्षकहरुले क्रियाकलापहरु तथा सामग्रीहरु उपयुक्त ढंगले छनोट गर्न नसक्ने र विद्यार्थीहरु अनुशासनमा बस्नुपर्ने भएकोले पनि स्वतस्फूर्त रुपमा क्रियाकलापहरुमा भाग लिन आनाकानी गर्ने भएकोले तालिम प्राप्त दक्ष र सक्षम शिक्षकको व्यवस्था गरी उपयुक्त ढंगले क्रियाकलापहरु तथा सामग्रीहरु छनोट गरी विद्यार्थीहरुको चाहाना अनुसार क्रियाकलापहरुमा गरेका गलत क्रियाहरुलाई छाड्दै सहि क्रियाकलापहरुको छनोट गरी थर्नडाइकको प्रयत्न र भुलको सिद्वान्त बमोजिम अतिरिक्त क्रियाकलापको माध्यमबाट सिकाइ सिकाउनुपर्ने  देखिन्छ ।

### ४.२.५ अन्य तत्व

अतिरिक्त क्रियाकलाप संचालनमा प्रभाव पार्ने अन्य तत्वलाई निम्नानुसर उल्लेख गरिएको छ ।

**तालिका ११ : अन्य तत्व**

| अन्य तत्व | उत्तरदाता | | | | |
|---|---|---|---|---|---|
| | प्र.अ. | शिक्षक | विद्यार्थी | पदाधिकारी | स्रोत व्यक्ति |
| घरको काम | ४ (४०) | ५ (५०) | १७१६ (८०) | ८० (४०) | १ (१००) |
| परिवार अशिक्षित | ५ (५०) | ७ (७०) | १२८६ (६०) | ४ (२०) | १ (१००) |
| पुरस्कार र दण्ड | ७ (७०) | ६ (६०) | १५०० (७०) | ८ (४०) | १ (१००) |

कोष्ठको अंकले प्रतिशत जनाउँछ ।                स्रोत : स्थलगत अध्ययन २०६८

अध्ययनमा परेका ८०% विद्यार्थीहरु तथा ५०% शिक्षकहरुले बालबालिकाहरु घरको कामको थकानको कारण सक्रियताका साथ अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुन नसकेको धारणा राखेका थिए । अतः थर्नडाइकको प्रयत्न  र भुलको सिद्वान्त अनुसार प्रेरणा दिएर

बालबालिकाहरुलाई क्रियाकलापकमा सरिक गराउनुपर्ने देखिन्छ । परिवार अशिक्षित भएर अतिरिक्त क्रियाकलाप भनेको समय वर्वाद गर्ने अभिभावकहरुको धारणा रहेको छ भने धारणा ६०% विद्यार्थी र ७०% शिक्षक तथा ५०% प्र.अ. वाट पाईयो । यसका साथै विद्यालयले अतिरिक्त क्रियाकलापमा सक्रियताका साथ भाग लिने तथा स्थान प्राप्त गर्ने बालबालिकाहरुलाई उचित किसिमले प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने कार्य नगरेकोले अतिरिक्त क्रियाकलाप संचालमा प्रभाव परेको धारणा ६०% शिक्षक ७०% विद्यार्थी तथा ४०% वि.व्य.स. पदाधिकारी बाट पाइयो । अतः थर्नडाईकको प्रयत्न र भुलको सिद्धान्त अनुसार सिकाई सिक्नको लागि अतिरिक्त क्रियाकलापलाई शिक्षणको अभिन्न अंगको रुपमा लिई शिक्षण गर्नुपर्ने देखिन्छ ।

४.३ अतिरिक्त क्रियाकलाप संचालनमा आइपरेका समस्या

अतिरिक्त क्रियाकलाप संञ्चालनमा आइपरेका समस्या पत्ता लगाउनका लागि प्रध्यानाध्यापक, शिक्षक, विद्यार्थी तथा वि.व्य.स. का पदाधिकारी लागि अर्न्तर्वाता प्रश्नावली प्रयोग गरिएको थियो । (हेर्नुस परिशिष्ट २, ३, ४ र ५) अर्न्तर्वाता प्रश्नावलीबाट प्राप्त प्रतिक्रियालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**क) बिषय शिक्षकको अभाव रहनु**

अध्ययनमा परेका विद्यालयका ६०% शिक्षक, ८०% प्रधानाध्यापक तथा ५०% विद्यार्थीहरुले विद्यालयमा अतिरिक्त क्रियाकलाप संञ्चालनको लागि छुट्टै शिक्षकको व्यावस्था नभएकोले समस्या परेको वताए । केही विद्यालयमा अतिरिक्त क्रियाकलापको जिम्मा एकजना शिक्षकलाई दिइएको भएता पनि त्यस्तो जिम्मा पाएका शिक्षक उक्त विषय संग सम्वन्धित नभएकाले प्रभावकारी किसिमले अतिरिक्त क्रियाकलाप संञ्चालन गर्न नसकिएको पाइयो ।

अतिरिक्त क्रियाकलाप भनेका शिक्षणका अभिन्न अंग भएकोले तालिम प्राप्त, दक्ष, योग्य र क्रियाशील र सम्बन्धित विषयको ज्ञाता शिक्षकलाई अतिरिक्त क्रियाकलापको जिम्मा दिई विद्यालय परिवारले सहयोग गरी अतिरिक्त क्रियाकलापको माध्यमबाट गरेर सिक्ने वातावरणको सिर्जना गरी थर्नडाइकको प्रयत्न र भुलको सिद्धान्त अनुसार विद्यार्थीहरुलाई सिक्ने मौका दिनुपर्ने देखिन्छ ।

**ख) शिक्षकहरुको गैर जिम्मेवारीपन देखिनु**

अध्ययनमा परेका विद्यालयका ९०% वि.व्य.स. पदाधिकारी २०% प्रधानाध्यापक २०% शिक्षक तथा ५०% विद्यार्थीले शिक्षकहरु जिम्वेवार भई अतिरिक्त क्रियाकलाप संञ्चालन नगरेको धारणा राखेको पाइयो । शिक्षकले पाठमात्रै पढाउने अन्यत्र कतै ध्यान नदिनेगरेकाले अतिरिक्त क्रियाकलापमा समस्या परेको धारणा पाइयो । शिक्षकहरुले आफ्नो पिरियडमा कक्षामा गई तोकिएको पाठमात्र पढाउने र कोर्ष सिध्याउने अनि आफू पन्छने गरेको तर दैनिक रुपमा कक्षामा रही परम्परागत भाषण गर्ने विधिबाट पढाउने बाहेक अन्य क्रियाकलापहरुमा ध्यानै नदिने गरेको गुनासो विद्यार्थीहरुको पाइयो । अत विद्यार्थीहरुलाई कुनै समस्या समाधान गर्नका लागि धेरै क्रियाकलाप गराएर ती मध्ये उपयुक्त क्रियाकलाप छनौट गर्न लगाई प्रयत्न र भुलको सिकाइ सिद्धान्तको आधारमा सिकाई सिक्ने मौका दिनु जरुरी देखिन्छ ।

**ग) ब्यवस्थापन पक्ष कमजोर रहनु**

विद्यालयको व्यवस्थापन पक्ष कमजोर भएको धारणा ६०% वि.ब्य.स. पदाधिकारी तथा ४०% शिक्षकको पाइयो । विद्यालय व्यावस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुले प्रत्यक्ष एवं अप्रत्यक्ष तरिकाले राजनिती गर्दछन भनि ८०% विद्यार्थीहरु तथा ६०% शिक्षकहरुले धारणा राखेको पाइयो । तर व्यवस्थापन समितिका ८० प्रतिशत पदाधिकारीहरुले भने आफूहरुले राजनिति नगरेको धारणा व्यक्त गरे । आफूहरुले विद्यालयको व्यवस्थापन पक्षलाई कमजोर बनाउने कार्य नगरेको तर विद्यालयले सबै संग समन्वयय गरेर राम्रो व्यवस्थापन गर्न नसकेको धारणा राखेको पाइयो । अतः विद्यालयको व्यवस्थापन पक्षलाई राजनीतिक दलहरुको प्रभावबाट मुक्त गराई सक्षम र दक्ष शिक्षकहरु प्रतिस्पर्धाबाट छनोट गरी वि.व्य.स. तथा शिक्षक अभिभावक संघलाई दत्तचित्त भई विद्यालयको हितमा लागीपरि प्र.अ.को सक्षम नेतृत्वमा विद्यालय सञ्चालन गरी विद्यार्थीहरुलाई क्रियाकलापहरुको माध्यमबाट गल्तीहरु घटाउँदै सहि क्रियाकलापको छनोट गरी थर्नडाइकको प्रयत्न र भुलको सिद्वान्त अनुसार सिक्ने मौका दिनुपर्छ ।

प्रधानाध्यापकहरु ६० प्रतिशतले भने विद्यालयहरुमा राजनैतिक दलहरुको प्रत्यक्ष हस्तक्षेप भई व्यवस्थापन समिति तथा अभिभावक संघ गठन, शिक्षक नियुक्ति, भौतिक निर्माण समिति तथा विद्यालयमा प्राप्तहुने छात्रवृत्तिहरुमा समेत राजनितिक भागबण्डा गर्ने परिपाटी देखिएको धारणा राखेका थिए ।

**घ) खेल मैदानको अपर्याप्तता रहनु**

अध्ययनमा संलग्न ४०% प्र.अ. तथा शिक्षक र ५०% विद्यार्थीले खेलमैदान अपर्याप्त भएकोले अतिरिक्त क्रियाकलापमा समस्या परेको वताए । भएको खेलमैदानलाई अधिकांश समय माथिल्लो कक्षाका विद्यार्थीहरुले प्रयोग गर्ने गर्नाले तल्लो तहका विद्यार्थीहरुलाई समस्या परेको धारणा ६०% विद्यार्थीले राखेको पाइयो ।

**ङ) विद्यालय भित्र मात्र केन्द्रित रहनु**

अतिरिक्त क्रियाकलाप विद्यालय भित्र मात्र केन्द्रित हुने, अन्य विद्यालयहरु तथा स्थानहरुमा पनि विद्यालयले सहभागी गराउनुपर्नेमा नगराएको गुनासो ६०% विद्यार्थीको पाइयो भने ५०% शिक्षक तथा ६०% वि.व्य.स पदाधिकारीले पनि अतिरिक्त क्रियाकलाप विद्यालय भित्र मात्र केन्द्रित भएको धारणा व्यक्त गरेको पाइयो ।

अतिरिक्त क्रियाकलाप विद्यालय भित्रमात्रै केन्द्रित हुँदा विद्यार्थीले नौलो पन महसुस नगर्ने र विद्यालय बाहिर अन्य ठाउँहरुका प्रतिस्पर्धी संग सहभागी गराउदा विद्यार्थीहरुमा बढि प्रेरणा प्रदान गर्न मद्दत मिल्ने धारणा ५० प्रतिशत प्रधानाध्यापकहरुको पाइयो । अतः विद्यार्थीहरुलाई प्रेरणा दिई प्रेरणा संग अभ्यास गराई पुरस्कारको आशामा सिकाई वातावरण बनाउनको लागि प्याभलभको सम्बन्ध प्रत्यावर्धनको नियम अनुसार अतिरिक्त क्रियाकलापहरुमा विद्यालय भन्दा बाहिर पनि सहभागी गराउनु पर्ने जरुरी देखिन्छ ।

**च) शिक्षणको अभिन्न अंगको रुपमा लिन नसक्नु**

नमुना छनौटमा परेका विद्यालयमा ७०% शिक्षक तथा ८०% प्रधानाध्यापक र ४०% वि.व्य.स पदाधिकारीले अतिरिक्त क्रियाकलापलाई शिक्षणको अभिन्न अंगको रुपमा नलिएको समस्या परेको वताए । शिक्षकहरु कक्षामा गई पाठ पढाइने र मेरो काम यति नै हो भनेर वस्ने गर्नाले अतिरिक्त क्रियाकलाप संचालनमा समस्या परेको धारणा ८०% विद्यार्थीको पाइयो ।

**छ) खेल सामाग्रीहरुको अपर्याप्तता हुनु**

विद्यालयमा खेल समाग्रीको अभाव रहेको धारणा ५०% प्र.अ तथा शिक्षकको पाइयो । विद्यालयले नयाँ नयाँ खेल सामाग्रीहरु नल्याउने र पुराना र थोत्रा भइसकेको मात्र

सामग्रीवाट  अतिरिक्त क्रियाकलापहरु संचालन गरेको धारणा ६०% विद्यार्थीहरु तथा ५०% वि.व्य.स पदाधिकारीहरुवाट पाइयो । शिक्षण कार्यलाई उपलब्धिमुलक बनाउनका लागि शिक्षणकार्य गर्दा शैक्षिक सामग्रीहरु अत्यावश्यक हुन्छन् । खेल सामाग्रीहरु भनेका पनि शैक्षिक सामग्रीहरुनै हुन् किनकी खेलको माध्यमबाट बालवालिकाहरुले सिकाई सिक्नका लागि उपयुक्त र रुची अनुसारको वातावरण पाउँछन् तर विद्यालयहरुमा उपयुक्त चुस्त दुरुस्त  किसिमका खेल सामाग्रीहरु नभएकोले तिनको प्रयोग गरि सिकाई सिकाउन नसकिएको र विद्यार्थीहरुले प्रयत्न र भुलको सिद्धान्त बमोजिम सिकाई सिक्न नपाएको धारणा ८० प्रतिशत शिक्षकको पाइयो ।

### ज) सम्वन्धित निकायले पहल नगर्नु

खेलकूद कार्यक्रमहरु संचालन गर्दा क्षेत्र जिल्ला स्तरीय खेलकूद निकायहरुले प्रथमिक तहका विद्यार्थीहरुले प्राथमिक तहका विद्यार्थीहरुलाई उपयुक्त हुने खालका खेलकूदहरु संचालन नगर्ने र ठुला कक्षाका विद्यार्थीहरुका लागि मात्र कहिलेकाही खेलकूद कार्यक्रमहरु राख्ने गरेकोले पनि अतिरिक्त क्रियाकलापमा समस्या परेको धारणा ७०%प्रधानाध्यापक तथा शिक्षकको रहेको पाइयो । खेलकूदहरु संचालन गर्ने विभिन्न निकाय, समुह, क्लवले समय समयमा खेल आयोजना गर्ने तर विद्यालयमा सधैं माथिल्लो कक्षाका विद्यार्थीहरुलाई मात्र प्रतियोगिताहरुमा सहभागी गराउने खालका क्रियाकलाप मात्र संचालन गर्ने गरेको तर प्रथामिक तहका विद्यार्थीहरुका लागि उपयुक्त हुने उनीहरुको उमेर क्षमता र स्तर अनुसारका क्रियाकलापहरु संचालन नर्गर्ने गरेकोले प्रथामिक तहका बालबालिकाहरु त्यस्ता क्रियाकलापहरुबाट बन्चित भएको धारणा अध्ययनमा संलग्न ८० प्रतिशत विद्यार्थीहरु र ६० प्रतिशत विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको पाइयो ।

### झ) आवश्यक तालिम गोष्ठी प्रशिक्षणको अभाव हुनु

अतिरिक्त क्रियाकलाप संचालन गर्नको विद्यालयमा छुट्टै शिक्षक नभएको र संचालन गर्न जिम्मेवारी दिएको शिक्षकलाई पनि आवश्यक पर्ने तालिम, गोष्ठी आदि नगराएकोले समस्या परेको धारणा ८०% प्र.अ तथा शिक्षकहरुको पाइयो । खेलकूद संचालन गर्ने शिक्षक तथा विद्यार्थीहरुलाई पनि तालिम गोष्ठी मार्फत प्रशिक्षत गराउनु पर्नेमा खेलकूद सम्बन्धी ज्ञान नै नभएका शिक्षकहरुले खेलकूद संचालन गर्ने र विद्यार्थीहरुलाई पनि खेलकूद सम्बन्धी ज्ञान

नभएको कारणले अतिरिक्त क्रियाकलापमा समस्या परेको धारणा ६०% विद्यार्थीहरु र ४० % वि.व्य.स. पदाधिकारीहरुको पाइयो ।

**ञ) प्रर्याप्त वजेटको अभाव हुनु**

अतिरिक्त क्रियाकलापहरु संचालन गर्नको लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद गर्नको लागि तथा शिक्षकहरुलाई तालिम, गोष्ठि तथा प्रशिक्षणमा सहभागी गराउनको लागि आवश्यक पर्ने वजेटको अप्रर्याप्तता रहेको धारणा सत प्रतिशत प्रधानध्यापकहरुको पाईयो । वजेट अभावका कारण नै पुराना र थोत्रा भैसकेका सामाग्रीहरुको प्रयोग गरी अतिरिक्त क्रियाकलाप संचालन गर्नुपरेको गुनासो ६०% शिक्षकको पाईयो ।

विद्यार्थी ६० %का अनुसार विद्यालयले बजेटको अभाव देखाउने तर बजेट जुटाउनका लागि सम्बन्धित अभिभावकहरु विद्यालय व्यवस्थापन समिति तथा अन्य सम्बन्धित निकायहरुमा पहल नगरेको हुनाले आफुहरु अतिरिक्त क्रियाकलापहरुबाट बञ्चित हुनु परेको गुनासो व्यक्त गरेको पाइयो ।

**ट) रुचिपूर्ण क्रियाकलापहरु हुन नसक्नु**

विद्यार्थीहरुको प्राथमिक तहमा संचालन हुने अतिरिक्त क्रियाकलापहरु विद्यार्थीहरुको रुचि अनुसारको नभएको र विद्यालयले बालबालिकाहरुको रुचि अनुसारका भन्दा आफूलाई सजिलो हुने खालका क्रियाकलापहरु मात्र संचालन गर्ने गरेको धारणा ६०% वि.व्य.स. पदाधिकारीहरुको पाईयो । आफ्नो रुचि भएका क्रियाकलाप भन्दा अन्य क्रियाकलाप नै वढि गराउने गरेको धारणा ५०% विद्यार्थीहरुको पाईयो । जसले गर्दा विद्यार्थीहरु खेलकूद प्रति उत्साहित नभई वाध्यतावस भाग लिएको पाईयो ।

**ठ) अभिभावक शिक्षित नहुनु**

अध्ययनमा संलग्न ८०% प्रधानाध्यापक तथा शिक्षकहरुले अभिभावक शिक्षित नभएको र आफ्ना विद्यार्थीहरुलाई पढन पठाएको हो, खेल्नका लागि होइन, विद्यालयमा पढाई हुनुपर्छ । खेललाई होइन भन्ने गरेकाले अतिरिक्त क्रियाकलाप संचालनमा समस्या परेको धारणा राखेको पाईयो । ६०% विद्यार्थीहरुले विद्यालयमा पढेको मात्र भएमा खुशी हुने तर खेल खेलेको भन्दा अभिभावकहरु रिसाएर खेल्नको लागि किन स्कूल जानुपऱ्यो भनेर गाली गर्ने गरेको धारणा राखेको पाईयो ।

तर व्यवस्थापन समितका ६० % पदाधिकारीले भने अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्दा शिक्षकको प्रत्यक्ष निगरानीमा गर्नुपर्ने धारणा राखेको पाइयो । शिक्षकहरु संलक्ष्न नभइकन विद्यार्थीहरु एक्लैले क्रियाकलाप गर्दा विभिन्न दुर्घटना हुन सक्ने धारणा उनीहरुको रहेको पाइयो ।

**ड) उचित मूल्याङ्कनको अभाव हुनु**

अतिरिक्त क्रियाकलापमा सक्रियतारुपमा भाग लिने र लिंदै नलिने विद्यार्थीहरुको एउटै मूल्याङ्कन हुने अर्थात अतिरिक्त क्रियाकलापको मूल्याङ्कन उचित किसिमले नगरिने भएकोले विद्यार्थीहरुले त्यस्ता क्रियाकलापहरुमा ध्यान नदिएको धारणा ६०% वि.व्य.स. पदाधिकारीको र विद्यार्थीहरुको पाईयो ।

अतिरिक्त क्रियाकलापमा उत्कृष्टता देखाएता पनि हौसला स्वरुप उचित पुरस्कार र भाग लिने नै नखोज्नेलाई दण्डको व्यवस्था नगरिएकोले अतिरिक्त क्रियाकलाप संचालनमा समस्या रहेको धारणा ७०% शिक्षकहरुको रहेको पाईयो । अन्य लिखित परीक्षामा राम्रो गर्न सकेमा अतिरिक्त क्रियाकलापमा सहभागी नभए पनि हुनेगरेको धारणा ७०% विद्यार्थीको पाईयो ।

**ढ) प्रभावकारी अनुगमन नहुनु**

शिक्षा नियमावली अनुसार विद्यालयले अतिरिक्त क्रियाकलाप संचालन गर्नुपर्ने र त्यस्को लागि समिति, उपसमिति बनाएर उत्कृष्ट स्थान प्राप्त गर्नेलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्न सक्ने भनेता पनि अतिरिक्त क्रियाकलाप विद्यालयहरुले संचालन गरेका छन् की छैनन् भनेर अनुगमन नहुने भएकाले अतिरिक्त क्रियाकलापहरुमा विद्यालयहरुले चासो नदेखाउने गरेको धारणा ९०% शिक्षकहरुले राखेको पाईयो । प्र.अ.बाट वास्तविक अनुगमन नहुने, स्रोतव्यक्तिलाई शिक्षककै रुपमा लिने र अन्य निकायले अनुगमनमा ध्यान नदिने गरेको हुनाले अतिरिक्त क्रियाकलाप संचालनमा समेत समस्या परेको धारणा ४०% प्र.अ. र ७०% पदाधिकारीहरुवाट पाईयो ।

**ण) शिक्षक पाठ्यभार वढि हुनु**

विद्यालयहरुमा प्राथमिक तहका माथिल्लो योग्यता भएका शिक्षकहरुले माथिल्ला कक्षाहरुमा समेत अध्यापन गर्ने भएकोले उनीहरुलाई पाठ्यभार वढि हुने साथै निजी स्रोतमा माध्यमिक

तह संचालन गरेका विद्यालयहरुमा पनि तल्लो तहका शिक्षकहरुले माथिल्लो तह समेतलाई हेर्नुपर्ने भएकोले पाठ्यभार वढि हुन गई शिक्षक थकित हुने तथा अतिरिक्त क्रियाकलापहरुमा ध्यान पुऱ्याउन नसकेकोले समस्या परेको धारणा ८०% शिक्षकहरुको पाईयो । योग्य शिक्षकहरु प्राथमिक तहको भएता पनि उनीहरुले माथिल्ला कक्षाहरुमा नै वढि अध्यापन कार्य गर्ने र कसैकसैले त प्राथमिक तहमा अध्यापन नै नगर्ने गरेको धारणा ५०% वि.व्य.स. पदाधिकारी तथा विद्यार्थीको पाईयो ।

### त) शिक्षक नियुक्ति पारदर्शिरुपमा नहुनु

शिक्षक नियमावलीले अस्थायी शिक्षक नियुक्तिको अधिकार विद्यालय व्यवस्थापन समितिलाई दिएको र वि.व्य.स.ले शिक्षक नियुक्ति गर्दा आवश्यक प्रक्रियाका कागजातहरु मिलाउने तथा राजनैतिक हिसावले वाँडफाँड गर्ने अथवा वहुमत सदस्यहरुको प्रिय व्यक्ति वा सोर्स फोर्स वढि भएको व्यक्तिलाई नियुक्त गर्ने वर्तमान प्रचलन रहेको र त्यसरी नियुक्त व्यक्ति विद्यालयप्रति भन्दा वढि नियुक्ति गर्ने व्यक्तिहरुप्रति नै वफादार हुने भएकोले त्यस्ता शिक्षकहरुले अतिरिक्त क्रियाकलापहरुमा ध्यान नपुऱ्याउने भएकाले अतिरिक्त क्रियाकलापमा समस्या रहेको धारणा ८०% प्रधानाध्यापक, ९०% शिक्षकहरु तथा सत प्रतिशत विद्यार्थीहरु वाट पाईयो । व्यवस्थापन समितिका ६०% पदाधिकारीहरुले आफूहरुले पारदर्शी रुपमा शिक्षक नियुक्त गर्ने गरेको धारणा राखेको पाईयो ।

### थ) तालिमको प्रभावकारी प्रयोग नगरिनु

विद्यालयहरुमा रहेका धेरै शिक्षकरु तालिम प्राप्त छन्, उनिहरुलाई अतिरिक्त क्रियाकलाप भनेका शिक्षणका अभिन्न अग हुन भन्ने कुराको ज्ञान छ तर पनि सवैले तालिमको प्रयोग प्रभावकारी रुपले गरेका छैनन् भनि ६०% प्रधानाध्यापकहरुले धारणा राखेको पाईयो । ५०% शिक्षकहरुले तालिमको राम्रो अनुगमन र मूल्याङ्कन समेत नहुने गरेको बताए । तालिमको राम्रो सँग उपयोग नहुनुले अतिरिक्त क्रियाकलापमा समस्या भएको पाईयो ।

### द) अभिभावकको न्युन आय हुनु

अध्ययनमा परेका ६०% प्रधानाध्यापक, ८०% शिक्षकहरु तथा ४०% वि.व्य.स. पदाधिकारीले अभिभावकको आयस्रोत कम भएकोले आफ्ना बालबालिकाहरुलाई विहान वेलुका घरको काममा लगाउनु पर्ने भएकोले अतिरिक्त क्रियाकलापहरुमा समय दिन नसकेको र

विद्यार्थीहरुमा पनि थकानका कारण रुचि नहुने धारणा राखेको पाईयो र ६०% विद्यार्थीहरुले खेलकूदका लागि आवश्यक पर्ने व्यक्तिगत सामाग्रीहरु जस्तै जुत्ता, पोशाक आदि किन्न नसकेर खेलकूदमा भाग लिन नपाएको धारणा राखेको पाईयो ।

**ध) अनिवार्य विषयको रुपमा लिन नसक्नु**

विद्यालयहरुले अतिरिक्त क्रियाकलापलाई अनिवार्य विषयको रुपमा लिन नसकेको धारणा ८०% शिक्षक तथा ६०% प्र.अ.वाट पाईयो । अन्य विषयहरु जस्तै अतिरिक्त क्रियाकलापलाई पनि अनिवार्य विषयको रुपमा लिई तालिम प्राप्त विषय शिक्षकबाट संचालन गर्नुपर्ने धारणा सत प्रतिशत विद्यार्थी र ५०% वि.व्य.स. पदाधिकारीको रहेको पाईयो ।

**न) विद्यालयहरुमा राजनैतिक हस्तक्षेप हुनु**

अध्ययनमा संलग्न ६० % प्रधानाध्यपकहरुका अनुसार विद्यालयहरुमा व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायतका समिति गठन गर्दा होस वा कुनै तहको शिक्षक अथवा कर्मचारी नियुक्ती गर्दा होस हरेक अवसरमा राजनैतिक दलहरुले आफ्नो निकटको मान्छे नियुक्तीको प्रयास गर्ने अर्थात राम्रो मान्छे भन्दा हाम्रो मान्छे राख्नु पर्छ भनेर दवाब दिने गरेको धारणाा राखेको पाइयो ।

विद्यालय व्यवस्थापन समितिका ८० प्रतिशत पदाधिकारीहरुले भने आफूहरुले विद्यालयमा राजनिति गर्न नखोजेको र यौग्य व्यक्तिकै नियुक्तिको प्रस्ताव ल्याएको तर विद्यालयले त्यस्ता व्यक्तिहरुलाई नियुक्ति नगर्ने गरेको धारणा राखेको पाइयो । साथै स्रोत व्यक्ति अनुसार पनि विद्यालयमा शिक्षक नियुक्ति गर्दा शिक्षा नियमावली अनुसार योग्य व्यक्तिलाई नियुक्त गर्नुपर्ने धारणा राखेको पाइयो ।

## ४.४ समस्या सामाधानका लागि उपयुक्त उपाय

प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको अवस्था विश्लेषण गरि अतिरिक्त क्रियाकलाप संचालनमा प्रभाव पार्ने तत्व पहिचान गर्ने तथा समस्या पहिचान गरि समस्या सामाधानका लागि उपयुक्त उपाय सुझाउने उद्देश्य का लागि नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, विषय शिक्षक तथा व्यावस्थापन समितिका पदाधिकारी र विद्यार्थीलाई अन्तवार्ता प्रश्नावली भराइएको थियो अन्तवार्ता प्रश्नावलीवाट प्रप्त प्रतिक्रियालाई निम्नाअनुसार उल्लेख गरिएको छ ।

**क) विषय शिक्षकको व्यवस्था गनुपर्ने**

विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप संचालन गर्नको लागि छुट्टै शिक्षकको व्यवस्था नभएकोले शिक्षकहरुले कक्षमा गई पढाउने तर अन्य कुराहरुमा ध्यान नदिने गरेको धारणा ७०% वि.व्य.स पदाधिकारीहरुको रहेको पाइयो भने प्र.अ ६०% का अनुसार शिक्षकहरु कक्षामा पढाइएपछि आफ्नो जिम्मेवारी पुरा भयो भनेर वस्ने गरेकोले पनि अतिरिक्त क्रियाकलापको नै जिम्मेवारी पाएको विषय शिक्षको व्याख्या प्रत्येक विद्यालयमा हुनुपर्ने धारणा पाइयो भने सत प्रतिशत शिक्षकहरुले आफुले पठन पाठन तथा अतिरिक्त क्रियाकलाप दुवै गर्दा वढि बोझ हुने कुरा वताएको पाइयो ।

**ख) थप वजेटको व्यवस्था हुनुपर्ने**

अतिरिक्त क्रियाकलाप संचालन गर्नको लागि भनेर विद्यालयहरुमा छुट्टै वजेटको व्यवस्था नहुने र प्रत्येक शीर्षकहरुमा आएको वजेट सोहि शीर्षकमा नै खर्च गर्नुपर्ने भएकोले अतिरिक्त क्रियाकलापको लागि सोहि शीर्षकमा थप पाइयो साथै ८०% शिक्षकहरु र ५०% व.व्य.स पदाधिकारीहरु पनि उक्त कुरामा सहमत भएको धारणा पाइयो ।

**ग) व्यवस्थापन पक्ष सक्रिय हुनुपर्ने**

विद्यालयहरुको व्यवस्थापन पक्ष अर्थात प्रधानाध्यापक तथा व्यवस्थापन समितिका सदस्यहरु पक्रियातापुर्वक अतिरिक्त क्रियाकलाप मा सहयोग गर्नुपर्ने धारणा ८०% विद्यार्थी तथा ७०% शिक्षकको पाइयो । सतप्रतिशत प्रधानाध्यापकहरुले आफूले मात्र एक्ले पहल गरेर नहुने धारणा व्यक्त गरेर भने व्यवस्थापन समितिका ६०% पदाधीकारीहरुले आफुहरुले विद्यालयको अन्य व्यावस्थापन र संञ्चालनमा शिक्षकहरुनै सक्रियताका साथ लाग्नु पर्ने धारणा राखेको पाइयो । प्यावलभको सम्वन्ध पञ्यावर्धनको सिद्धान्त वमोजिम विद्यार्थीहरु लाई प्रेरणा प्रदान गरी वाधक उत्तेजनाको अनुपस्थिति मा सिकाई सिकाउनको लागी प्र.अ., वि.व्य.स. पदाधिकारीहरु, शिक्षक अभिभावक संघ लगायतका व्यावस्थापन पक्ष सक्रिय हुनु जरुरी छ ।

**घ) अनिवार्य विषयको रुपमा समावेश गरिनु पर्ने**

अतिरिक्त क्रियाकलापलाई अनिवार्य विषयको रुपमा समावेश गर्नुपर्ने धारणा अध्ययनमा परेका विद्यालयहरुका ८०% विद्यार्थीहरु ६०% शिक्षक तथा ७०% प्र.अ.को पाइयो । व्यावस्थापन समितिका ५०% पदाधिकारीले पनि शिक्षकले अनिवार्य विषयहरुमा

मात्र ध्यान दिने हुनाले अतिरिक्त क्रियाकलापहरुको छुट्टै अनिवार्य विषय भएका प्रभावकारी हुने धारणा राखेको पाइयो । हालको प्राथमिक तहको पाठ्यक्रममा रहेको सिर्जनात्मक अभिव्याक्तिशिल कला भन्ने विषयलाई स्थानीय स्तरमै सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापहरु अनिवार्य सञ्चालन गरिनुपर्ने र त्यसको सुपरिवेक्षक पनि गर्नुपर्ने धारणा ६०% शिक्षक र प्र.अ. हरुको पाइयो ।

**ङ) विद्यालय वाहिर पनि संचालन गर्नुपर्ने**

अतिरिक्त क्रियाकलापहरु विद्यालयहरुले कम संचालन गर्ने र सञ्चालित क्रियाकलापहरुमा पनि उचित मूल्याङ्कन गरि प्रोत्साहन गर्ने तथा विद्यालय वाहिर पनि त्यस्ता क्रियाकलापहरुमा बालबालिकाहरुलाई संलग्न गराई सिकाई सिकाइनुपर्ने धारण ५०% प्र.अ, शिक्षक तथा ४०% पदाधिकारीहरुको पाइयो । थर्नडाइकको प्रयत्न र भुलको सिद्धान्त वमोजिम प्रेरणा  दिई क्रियाकलाप गर्दा गल्तीहरु घटाउदैं सिकाई सिकाउनुपर्ने हुनाले अतिक्रियाकलाहरु विद्यालय वाहिर पनि संचालन गनुपर्ने देखिन्छ ।

**च) तालिम, गोष्ठि, प्रशिक्षणको व्यवस्था हुनुपर्ने**

विद्यालयहरुमा संचालन गरिने अतिरिक्त क्रियाकलापहरु सम्वन्धि धारणा तथा सिपहरु सिक्नको लागी शिक्षक तथा विद्यार्थी दुवैको विभिन्न तालिम गोष्ठी तथा प्रशिक्षणको व्यावस्था हुनुपर्ने धारण अध्ययानमा संलग्न ७०% प्र.अ, ६०% वि.व्य.स.पदाधकारीहरुको पाइयो । मनोवैज्ञानिक प्याभलभका अनुसार सिकाई सिक्नको लागि प्रेरणा वा प्रेरक तत्वको आवश्यकता पर्ने र प्रेरणाले क्रियाकलापहरुमा संलग्न गराई गलत क्रियाकलापहरुलाई कम गर्दै ठिक क्रियाकलापहरुको छनोट गर्नुपर्दछ जसको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने शिक्षक तथा क्रियाकलापहरुमा भाग लिने विद्यार्थीहरुलाई तालिम, गोष्ठि तथा प्रशिक्षणको माध्यमबाट सवल र सक्षम बनाउनु पर्ने देखिन्छ । तालिम गोष्ठिहरु गराई अतिरिक्त क्रियाकलापहरुमा सहभागी गराउँदा प्रेरण प्राप्त हुने हुनाले र आफु विजयी हुने आशामा प्यावलभको सम्वन्ध प्रत्यावर्धनको सिद्धान्त वमोजिम सिकाई हुने भएकोले अतिरिक्त क्रियाकलाप संचालन गर्नु पूर्व सम्बन्धित विषय शिक्षक तथा विद्यार्थीहरुलाई तालिम गोष्ठि तथा प्रशिक्षणको व्यवस्था हुनै पर्ने देखिन्छ ।

**छ) भौतिक व्यवस्थापन राम्रो हुनुपर्ने**

अतिरिक्त क्रियाकलापहरु प्रभावकारी ढङ्गले संचालन गर्नको लागि विद्यालयहरुमा उपयुक्त र प्रर्याप्त खेलमैदान हुनुपर्ने धारणा १००% प्र.अ. तथा शिक्षकको पाइयो । वि.व्य.स.पदाधिकारी ८०% का अनुसार अतिरिक्त क्रियाकलाप संचालन गर्ने सामग्री राम्रा, आकर्षक र आधुनिक प्रविधि अनुरुपका हुनुपर्दछ भन्ने सुझाव दिएको पाइयो ।

**ज) विद्यार्थीको रुचि, क्षमता र स्तर अनुसारका हुनुपर्ने**

विद्यालयहरुमा संचालन गरिने अतिरिक्त क्रियाकलापहरु शिक्षकको रुचि अनुसारका हुन नहुने तथा विद्यार्थीहरुको रुचि क्षमता र स्तर अनुसारका हुनुपर्ने र तहगत रुपमा फरक फरक क्रियाकलापहरु संचालन गर्नुपर्ने धारणा ७०% विद्यार्थीहरुको पाइयो । साना ठूला सबै बालबालिकाहरुलाई एकै किसिमका क्रियाकलापहरु नगराई क्षमताअनुसारका तथा उनीहरुलाई नै कुन क्रियाकलाप गर्ने भनी सोधेर उपयुक्त क्रियाकलापहरु संचालन गर्नुपर्ने धारणा ६०% वि.व्य.स.पदाधिकारीहरुको पाइयो ।

तर विद्यालयहरुमा विभिन्न खाले रुचि क्षमता र स्तरका विद्यार्थीहरु आउने र एउटै कक्षामा पनि फरक फरक रुचि र क्षमता भएका विद्याथीहरु रहने भएकोले सबै विद्यर्थीका रुची चाहान र स्तर अनुसारका क्रियाकलापहरु सञ्चालन गर्नका लागि आफुहरुलाई त्यती सहज नभएको धारणा अध्ययनमा संलग्न ७० % शिक्षकहरु र ८० % प्रधानाध्यापकहरुको पाइयो तर अतिरिक्तक्रियाकलापहरु पनि विद्यार्थीहरुको रुचि चाहना र स्तर अनुसारकै हुनुपर्दछ र विद्यालयले सकेसम्म ती कुराहरुलई ख्याल गरेरै योजना बनाउनु पर्दछ भन्ने उनीहरुको धारण रहेको पाइयो । विद्यार्थीको चाहना अनुसारका क्रियाकलापहरु भएमा उनीहरुले प्रयत्न र भुलको सिद्धान्त बमोजिम गल्तीहरु कम गर्दै सिक्दै जाने हुन्छ ।

**झ) पुरस्कार र दण्डको उचित व्यवस्था हुनुपर्ने**

विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप संचालन गर्दा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुने तथा उत्कृष्टता प्राप्त नगरेता पनि निरन्तर अतिरिक्त क्रियाकलापमा भाग लिईरहने छात्र छात्राहरुलाई प्रोत्साहन गर्नुपर्ने र अतिरिक्त क्रियाकलापहरुमा भाग नै नलिनेहरुलाई दण्ड को व्यवस्था गर्नुपर्ने धारणा ७०% शिक्षकहरुको पाइयो । साथै ८०% विद्यालर्थीहरुले पनि उचित पुरस्कार र भागै नलिनेलाई दण्डीत गर्नुपर्ने धारणा राखेको पाइयो । विद्यार्थीहरुले अतिरिक्त क्रियाकलापमा भाग लिदा पुरस्कार पाउने आशामा प्याभलभको सम्वन्ध प्रत्यवर्धनको

सिद्धान्त वमोजिम सिकाई सिक्ने भएकाले बढि भन्दा बढि अतिरिक्त क्रियाकलापहरुमा सहभागी गराउनुपर्ने देखिन्छ ।

### ञ) शिक्षक दरवन्दी थप गर्नुपर्ने

अतिरिक्त क्रियाकलापहरु शिक्षण सिकाइको अभिन्न अंगहरु भएकोले र विद्यालयमा रहेका शिक्षकहरु कनै न कुनै विषयसंग सम्बन्धित भई सोही विषयमात्र अध्यापन गर्न खोज्ने भएकोले अतिरिक्त क्रियाकलाप संचालनको लागि शिक्षक दरवन्दी थप गरि अतिरिक्त क्रियाकलापहरु सन्चालन गर्नुपर्ने धारणा ९० प्रतिशत प्र.अ. को पाईयो । साथै ७० प्रतिशत वि.व्य.स. पदाधिकरीहरुका अनुसार विद्यालयमा शिक्षक दरवन्दी कम भएकोले दरवन्दी थप गरि अतिरिक्त क्रियाकलापको जिम्मा दिनुपर्ने धारणा राखेको पाईयो । साथै ६० प्रतिशत शिक्षकहरुले आफुले अन्य विषयहरुका साथै अतिरिक्त क्रियाकलाप पनि संचालन गर्न वढि वोझ हुने भएकोले दरवन्दी थप गरि अतिरिक्त क्रियाकलाप संचालनको जिम्मा दिनुपर्ने धारणा राखेको पाईयो ।

### ट) अभिभावकहरु सचेत हुनुपर्ने

अध्ययनमा संलग्न १००% प्रधानाध्यापक तथा शिक्षकहरुले अभिभावकहरु सचेत भई अतिरिक्त क्रियाकलापहरु भनेका शिक्षण सिकाईका अभिन्न अंगहरु हुन र आफ्ना बालबालिकाहरुलाई अतिरिक्त क्रियाकलापहरुमा सहभागि गराउनै पर्छ भन्ने धारणा राख्नु पर्ने र जसको लागि उनीहरु सचेत हुनेपर्ने धारणा व्यक्त गरे । साथै ८०% विद्यार्थीहरुले कक्षामा पठनपाठन कार्यबाहेक अन्य समयमा घरको समयमा सघाउन मात्र नलगाई उनीहरु सचेत भई अतिरिक्त क्रियाकलापहरुमा भाग लिनु पनि पठनपाठन अभिन्न अंग हो भन्ने कुरा बुझ्नु पर्ने धारणाा राखेको पाइयो ।

### ठ) निरन्तर सुपरिवेक्षण हुनुपर्ने

शिक्षा नियमावलीमा अतिरिक्त क्रियाकलापहरु अनिवार्य संचालन गर्नु पर्ने व्यवस्था भएतापनि कतिपय विद्यालयहरुले संचालन गर्ने गरेको तर कतिपयले नगर्ने गरेको तथा संचालन गरेता पनि अत्यन्त कम क्रियाकलापहरु संचालन गरेको र संचालन गरी नगरेको सुपरिवेक्षण गर्ने निकायले सुपरिवेक्षण गरी रहनु पर्ने धारणा ९०% शिक्षकहरु तथा ७०%

वि.व्य.स. पदाधिकारीहरुको पाइयो । निरन्तर रुपमा सुपरिवेक्षण गरी अतिरिक्त क्रियाकलाप अनिवार्य संचालन गराउनु पर्ने धारणा ८०% प्रधानाध्यापकको पाइयो ।

**ड) आचार संहिताको पालना गर्नुपर्ने**

विद्यालयका शिक्षक तथा विद्यार्थीहरुले पूर्ण रुपमा आचार संहिताको पालना गर्नु पर्छ र आफूले गर्नैपर्ने र गर्नै नहुने काम हरुको बारेमा जानकारी हुनु पर्दछ भन्ने धारणा १००% प्रधानाध्यापकहरुले राखेको पाइयो र ६०% शिक्षकहरुले विद्यार्थीहरुलाई कडा अनुसासनमा राख्नु पर्ने धारणा राखेको पाइयो । वि.व्य.स. पदाधिकारीहरु ७०% ले र विद्यार्थी ५०% अनुसासन लचिलो हुनु पर्ने धारणा राखेको पाइयो ।

शिक्षकहरु ठिक समयमा विद्यालय आउने, ठिक समयमा विालयबाट फर्कने तथा आफूले जिम्मा लिएको विषयहरुको निरन्तर पठनपाठन गर्ने साथै विद्यार्थीहरुलाई विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागी गराउने जस्ता आचार संहिताको पालना गर्नुपर्ने देखिन्छ ।

**ढ) अभिभावकको उपस्थिति हुनुपर्ने**

विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरु संचालन गर्दा अभिभावकहरुको उपस्थितिमा संचालन गर्नु पर्ने र त्यसो गर्दा अभिभावकहरुलाई पनि मनोरञ्जन प्राप्त हुने धारणा ७०% शिक्षकहरुको पाइयो । वि.व्य.स. पदाधिकारीहरु ५०% ले अभिभावक उपस्थित हुदा विद्यार्थीहरु अनुशासित भएर क्रियाकलापहरुमा भाग लिने धारणा राखे अभिभावकहरु र साथीहरुको उपस्थितिमा अतिरिक्त क्रियाकलापहरु संचालन हुदा विद्यार्थीहरुलाई प्रेरणा प्राप्त हुने र त्यसले पुनर्वल दिई अभ्यास र विजयी हुने आशा अनि बाधक उत्तेजनाहरुको अनुपस्थिति हुन गई प्याभलभको सम्बन्ध प्रत्याबर्धनको सिद्धान्त बमोजिम सिकाई उपलब्धि उच्च हुनेछ ।

**ण) विद्यालय राजनैतिक हस्तक्षेप मुक्तहुनुपर्ने**

अध्ययनमा संलग्न ६० % प्रधानाध्यापक तथा शिक्षकहरुका अनुसार विद्यालयका शिक्षक तथा कर्मचारी नियुक्तिमा राजनैतिक दलहरुको हस्तक्षेप हुन नहुने धारणा राखेको पाइयो । तर व्यवस्थापन समितिका ८० % पदाधिकारीहरुले हस्तक्षेप नगरेको धारणा व्यक्त गरेका थिए । विद्यालय भनेको ज्ञान आर्जन गर्ने ठाउँ भकोले जस्ता समितिहरु गठन गर्दा अभिभावकहरु

भेला हुने तथा निर्णय नर्गे गर्नुपर्छ भने शिक्षक नियुक्त गर्दा योग्यता र क्षमताको आधारमा सक्षम शिक्षक नियुक्त गर्नुपर्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको अवस्था शिर्षकको यस अध्ययनको चौथो परिच्छेदमा गरिएको तथ्याङ्कको व्याख्या तथा विश्लेषणको आधारमा उद्देश्यको क्रमानुसार प्राप्त भएको प्राप्ति, निश्कर्ष र सुझावलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

तथ्याङ्कको व्याख्या तथा विश्लेषणको आधारमा प्राप्त भएको मुख्य प्राप्तिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्र भित्र जम्मा १० वटा सामुदायिक विद्यालयहरु रहेको १० वटै विद्यालयहरुको प्रा.वि. तहमा वर्षभरिमा जम्मा १८० वटा अतिरिक्त क्रियाकलापहरु संचालन भएको पाईयो । जसमध्ये सवभन्दा वढि पटक संचालन भएको अतिरिक्त क्रियाकलाप २६ पटक (१४%) र सवै भन्दा कम पटक संचालन भएको अतिरिक्त क्रियाकलाप लोक नृत्य १७ पटक (९ %) संचालन भएको पाइयो । १० वटा विद्यालयहरुमा वर्ष भरिमा जम्मा १८० वटा मात्र क्रियाकलाप संचालन हुनु दुर्वल पक्ष हो । शिक्षा नियमावली २०५९ को छैठौं संसोधन २०६७ को परिच्छेद १४, नियम ७६ को उपनियम ४ (क) अनुसार विद्यालयले शुक्रबारको दैनिक पठनपाठनको कार्य समाप्त भएपछि विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापको कार्यक्रममा सहभागी गराउनु पर्ने व्यवस्था अनुसार विद्यालयमा पढाई सञ्चालन हुने कम्तीमा पनि २२० दिन मध्येका शुक्रबारहरुमा मात्र सञ्चालन गर्दा पनि बार्षिक रुपमा एउटा विद्यालयले कम्तीमा पनि ३० वटा क्रियाकलापहरुका हिसाबले पनि १० वटा विद्यालयले कम्तीमा पनि ३०० वटा क्रियाकलापहरु सञ्चालन गर्नै पर्ने हो । थर्नडाईकको प्रयत्न र भुलको सिद्धान्तको आधारमा वालवालिकाहरुले सिक्ने मौका नपाएको पाईयो ।

अध्ययनको क्षेत्र भित्र परेका १० वटा सामुदायिक विद्यालयहरु मध्ये जनशान्ति प्रा.वि.ले २९ वटा (१६ %) सवै भन्दा वढि क्रियाकलापहरु संचालन गरेको पाईयो । जुन करिव सवल पक्ष हो । तर अन्नपूर्ण नि.मा.वि.ले १३ वटा (७ %) मात्र सवै भन्दा कम क्रियाकलापहरु संचालन

गरेको पाईयो । बर्षभरिमा कम्तीमा पनि ३० वटा क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेमा १३ वटा मात्र गर्नु दुर्बल पक्ष हो ।

अध्ययनको क्षेत्र भित्रका १० वटा सामुदायिक विद्यालयका प्राथमिक तहका १५० जना विद्यार्थीहरुमध्ये सवै भन्दा वढि २३ जना (१५%)ले मुसो विरालो मन पराएको पाइयो भने सवै भन्दा कम १३ जना (९%) ले घैटो फोर मन पराएको पाईयो ।  तर विद्यालयहरुले वढि संचालन गरेका क्रियाकलापहरु विद्यार्थीहरुले पनि बढि मनपराएको पाइएन । संचालित क्रियाकलापहरु मध्ये शारिरीक विकास संग सम्बन्धित २६ वटा (१४%), मानसिक विकास संग सम्बन्धित ५२ वटा (२९%), संरचनात्मकसंग सम्बन्धित ४३ वटा (२४%) र अन्य कार्यक्रम ५९ वटा (३३%) संचालन भएको पाईयो । अतिरिक्त क्रियाकलाप संचालनमा प्रभाव पार्ने तत्वहरुमा आर्थिक तत्व जस्तैः अभिभावकको आय कम हुनाले ड्रेस, जुत्ता तथा खेलसामग्रीहरु किन्ने रकमको कमि हुनु, सन्तुलित भोजनको कमी हुनाले स्वस्थ भई तन्दुरुस्तीका साथ खेल्न नसक्नु आदी भौतिक तत्वहरु जस्तैः खेल मैदान प्रर्याप्त र सुविधा युक्त नहुनाले फुटवल जस्ता खेलहरु सञ्चालन गर्न नसकिनु, सामग्रीहरु चुस्तदुरुस्त र पर्याप्त नहुनाले प्रभावकारी ढंगले क्रियाकलापहरु सञ्चालन गर्न नसकिनु, पुस्तकालय, प्रयोगशालाको अभावमा कैयौं क्रियाकलापहरु सञ्चालन गर्न नसकेको पाइयो ।

प्रशासनिक तत्वहरु जस्तैः शिक्षकको छनोट पारदर्शि किसिमले नहुनाले दक्ष शिक्षक नहुनु, सेवा, सर्त र सुविधा पर्याप्त नहुनाले शिक्षक उत्साहित नहुनु, कक्षा निरीक्षण नहुनु तथा माथिल्लो कक्षा लिनुपर्नाले तल्ला कक्षाहरुमा ध्यान पुग्न नसकेको पाइयो । शैक्षिक तत्वहरु जस्तै शिक्षकले तालिम अप्राप्त हुनाले प्रभावकारी ढंगले क्रियाकलापहरु सञ्चालन गर्न नसक्नु त्यस्तै वृद्ध शिक्षकहरु तथा नवप्रवेशी शिक्षकहरुले प्रभावकारी ढंगले क्रियाकलापहरु सञ्चालन गर्न नसक्नु र सामग्रीको छनोट र प्रयोग उपयुक्त किसिमले गर्न नसक्नु अन्य तत्वहरु जस्तैः घरको कामले क्रियाकलापहरुमा भाग लिन नपाउनु अभिभावकहरु अशिक्षित हुनाले र शिक्षणको अभिन्न अंगको रुपमा नलिने तथा विद्यालय सक्रिय नरहेको पाइयो ।

विषय शिक्षकको अभाव, शिक्षकहरुको गैर जिम्मेवारी, व्यवस्थापन पक्ष कमजोर, खेल मैदानको अप्रर्याप्तता, विद्यालय भित्र मात्र केन्द्रित हुनु, शिक्षणको अभिन्न अङ्गका रुपमा लिन नसक्नु, खेल सामाग्रीको अप्रर्यप्तता, खेल सम्वन्धित अन्य निकायहरुले पहल नगर्नु,

आवश्यक तालिम गोष्ठि प्रशिक्षणको अभाव, पर्याप्त वजेटको अभाव, रुचि अनुसारको क्रियाकलाप हुन नसक्नु अभिभावक शिक्षीत नहुनु, उचित मूल्याङ्कनको अभाव हुनु, सुपरिवेक्षणको कमी हुनु शिक्षक पाठ्यभार वढि हुनु, शिक्षक नियुक्ति पारदर्शि रुपमा नहुनु, तालिमको अप्रयोग अभिभावकहरुको न्यून आय तथा अनिवार्य विषयको रुपमा लिन नसक्नु जस्ता समस्याहरु अतिरिक्त क्रियाकलाप संचालनमा रहेको पाइयो । सामुदायिक विद्यालयको प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप संचालनमा देखा परेका समस्या समाधानका उपायमा विषय शिक्षकको व्यवस्था हुनुपर्ने, व्यवस्थापन पक्ष सक्रिय हुनुपर्ने, प्रशस्त वजेटको व्यवस्था हुनुपर्ने, अनिवार्य विषयका रुपमा समावेश हुनुपर्ने विद्यालय वाहिर पनि संचालन हुनु पर्ने, तालिम गोष्ठि प्रशिक्षणको व्यवस्था हुनुपर्ने भौतिक व्यवस्थापन हुनुपर्ने, रुचि अनुसारका क्रियाकलाप हुनुपर्ने, पुरस्कार र दण्डको व्यवस्था हुनुपर्ने शिक्षक दरवन्दि थप गर्नुपर्ने अभिभावक सचेत हुनुपर्ने सुपरिवेक्षण निरन्तर हुनुपर्ने आचार संहिताको पालना गर्नुपर्ने तथा अभिभावकको उपस्थितिमा क्रियाकलाप संचालन हुनुपर्ने सुझाव दिइएको पाइयो

## ५.२ निष्कर्ष

तथ्याङ्कको व्याख्या तथा विश्लेषणको आधारमा प्राप्त भएको मुख्य प्राप्तिको आधारमा निकालिएको निष्कर्षलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

समग्रमा भन्नुपर्दा विद्यालयहरुमा संचालित अतिरिक्त क्रियाकलाप सन्तोषजनक रुपमा सञ्चालन भएको पाइएन कुनै कारणवस हरेक शुक्रवार संचालन हुन नसकेपनि प्रत्येक महिनाको कम्तिमा २ वटा गरि वार्षिक ३० वटाका दरले पनि ३०० वटा क्रियाकलाप संचालन हुनुपर्ने हो । थर्नडाइकको प्रयत्न र भुलको सिद्धान्तको आधारमा गल्तीहरु घटाउँदै सिकाई सिक्ने वातावरण कम भएको पाइयो । प्रधानध्यापक तथा शिक्षकहरु अतिरिक्त क्रियाकलाप सञ्चालनमा बढि सक्रियताका साथ लाग्नु पर्ने जरुरी छ । विद्यार्थीहरुले बढि मा पराएका क्रियाकलाप विद्यालयहरुले संचालन गर्नुपर्दछ । शारीरिक विकास, मानसिक विकास, संरचनात्मक तथा अन्य क्रियाकलापहरु जसले बालबालिका सर्वपक्षिय विकासका सहयोग पुऱ्याउँछन् ।

आर्थिक, भौतिक, प्रशासनिक, शैक्षिक तथा अन्य तत्वहरुले अतिरिक्र क्रियाकलाप संचालनमा प्रभाव पारेर सिकाइमा असर पारीरहेको छ । जसले गर्दा सम्बन्ध प्रत्यावर्धनको सिद्धान्त बमोजिम विद्यार्थीहरुले सिक्न पाएका छैनन् । अर्थात वाधक उत्तेजनाहरुको उपस्थिति भएको छ । प्राथामिक तहमा अतिरिक्त क्रियाकलाप संचालनमा शिक्षकहरु बढि सक्रिय हुनुपर्ने देखिएको छ । खेलमैदानको अवस्था कमजोर  देखिएको छ, अतिरिक्त क्रियाकलाप विद्यालय बाहिर पनि सञ्चालन गर्नु जरुरी देखिएको छ । त्यसै गरी खेल सामाग्रीहरुको थप व्यवस्था गर्नुपर्ने अभिभावकहरुलाई चेतनामूलक कार्यक्रमहरुको माध्यमबाट शिक्षित बनाउनुपर्ने शिक्षकको पाठ्यभार कम गर्नुपर्ने आवश्यक तालिम गोष्ठि  प्रशिक्षणको  व्यवस्था गनु पर्ने तथा व्यवस्थापन पक्ष सकृियताका साथ लागि प्राथमिक तहमा अतिरिक्त क्रियाकलाप निरन्तर सञ्चालन गरि रहनु पर्ने देखिन्छ ।

विषय शिक्षकहरुको व्यवस्था गरी अतिरिक्त क्रियाकलाप संचालन गर्नु जरुरी छ । भौतिक व्यवस्थापनका साथ अभिभावकको उपस्थितिमा वृद्धि गर्नुपर्ने देखिन आएको छ । सुपरिवेक्षकको अवस्था अत्यान्त कमजोर पाइएको छ र सम्बन्धित निकायले पहल गर्नु जरुरी देखिन्छ । वालवालिकाहरुको चौतर्फी विकासको निमिक्र पढाई, लेखाई तथा अन्य विषयवस्तुको ज्ञानले मात्र प्रर्याप्त हुदैन् । उनीहरुको शारीरिक, मानसिक, संवेगात्मक तथा सामाजिक पक्षको समानुपातिक विकासका लागि उपयुक्त पक्षसंग सम्बन्धति क्रियाकलापहरु संचालन हुनु आवश्यक छ । त्यसैले वालवालिकाहरुको शैक्षिक विकासको अभिन्न अङ्गको रुपमा अतिरिक्त क्रियाकलापलाई लिनु पर्दछ जसले विद्यार्थीहरुको विकासमा सहयोग पुऱ्याउँछ ।

## ५.३ सुझाव

प्राथमिक तहमा क्रियाकलापको अवस्था शीर्षकको यस अध्ययाबाट प्राप्त भएका प्राप्ति तथा निष्कर्षको आधारमा अतिरिक्त क्रियाकलाप संचालनमा सुधार गर्न निम्नानुसार सुझाव प्रस्तुत गरिएका छन् ।

वालवालिकाहरुको सर्वपक्षीय विकासको निम्ति प्राथमिक तहमा संचालन गरिने क्रियाकलापहरु शारिरिक विकास, मानसिक विकास, संरचनात्मक तथा अन्य सबैखाले क्रियाकलापहरु गर्दा प्रधानाध्यापक तथा शिक्षकहरुको सक्रिय सहभागिता हुनुपर्दछ । अतिरिक्त क्रियाकलाप संचालन गर्नको लागि विद्यालयहरुमा त्यससंग सम्बन्धीत विषय शिक्षकको व्यवस्था हुनुपर्दछ । जसले अन्य क्रियाकलापहरु भन्दा अतिरिक्त क्रियाकलापहरुमा नै बढि ध्यान दिने र जिम्मेवारी लिने गर्नुपर्दछ । अतिरिक्त क्रियाकलाप संचालन गर्नको लागि  आवश्यक पर्ने रकम बिद्यालयले विभिन्न निकायहरु मार्फत जुटाएर सामाग्री हरु राम्रो अवस्थाका जुटाउने पहल गर्नुपर्दछ र सकेसम्म त्यस्ता सामाग्रीहरु स्थानीय स्तरमै निर्मित मूल्य नपर्ने अथवा कम मूल्य पर्ने हुनुपर्दछ । अतिरिक्त क्रियाकलापहरुलाई संचालन नगरे पनि देखिएकोले यसलाई अनिवार्य बिषयको रुपमा लिई प्रत्येक विद्यालयले अनिवार्य सञ्चालन गर्नुपर्ने व्यवस्था गरिनु पर्दछ । अतिरिक्त क्रियाकलाप विद्यालय भित्र मात्र सञ्चालन नगरी अन्य स्थानहरुमा पनि र समुह ,क्लव आदि निकायहरुले गर्दा पनि वालवालिकाहरुलाई विद्यालय वाहीर पनि सहभागि गराई प्रेरणा प्रदान गरी गल्तीहरु सच्याउदै सिक्ने मौका दिनुपर्छ ।

अतिरिक्त क्रियाकलाप संचालन गर्ने शिक्षकहरुलाई विशेष सिपको आवश्यकता पर्ने भएकोले उनिहरुलाई समय समयमा आवश्यकपर्ने तालिम ,गाष्ठि तथा प्रशिक्षणहरुमा सहभागि गराउने व्यवस्था विद्यालयले गरेको हुनुपर्दछ । साथै समय समयमा विद्यार्थीहरुलाई पनि तालिम गोष्ठिमा सहभागी गराउनु पर्नेछ ।

अतिरिक्त क्रियाकलापहरु संचालन गर्नको लागी आवश्यक पर्ने भौतिक पूर्वधारहरु खेल मैदान सामाग्रीको उचित व्यावस्थापन विद्यालयहरुको रुचि बाहिरका तर अनिवार्य सञ्चालन गर्नुपर्ने छन, ती क्रियाकलापहरुमा तालिम प्रशिक्षणको व्यवस्था गरी उनीहरुलाई प्रेरणा दिएर उत्साहपूर्वक भाग लिन लगाउनु पर्दछ ।

अतिरिक्त क्रियाकलापमा उत्कृष्टता देखाउने विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप उचित पुरस्कार र अनिवार्य विषयको रुपमा लिई भाग नै लिन नखोज्ने लाई दण्डको व्यवस्था गर्नुपर्दछ । विद्यालयहरुमा विद्यार्थी शिक्षक अनुपातमा शिक्षक संख्या बढि देखिएता पनि कक्षागत रुपमा शिक्षक संख्या न्युन देखिएकोले अतिरिक्त क्रियाकलाप संचालनको लागि थप शिक्षक दरवन्दीको व्यवस्था गर्नुपर्दछ । नयाँ विद्यालयहरु खोल्ने अनुमति दिंदा आवश्यक आर्थिक अवस्था आदिलाई ख्याल गरी अनुमति दिनु पर्दछ । जसले गर्दा विद्यालयले अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न असहज नहोस ।

अतिरिक्त क्रियाकलापहरु विद्यालयहरुमा संचालनन गर्दा अभिभावकहरुलाई यो शिक्षणको अभिन्न अंग हो । भन्ने कुरा बुझाई अभिभावकहरुकै उपस्थितिमा संचालन गर्नुपर्दछ । र विद्यार्थीहरुले थप प्रेरणा पाई पुरस्कार के आशामा बाधक उत्तेजनाहरुको अनुपस्थिति हुन गई प्याभलभको सम्बन्ध प्रत्यावर्धनको सिद्धान्त अनुसार सिकाई हुन्छ । शिक्षक, विद्यार्थी, अभिभावक सबै पक्षले आचार संहिताको पालना गर्नुपर्दछ । र जिल्ला शिक्षा कार्यलय, श्रोत व्यक्ति लगाएत शिक्षा संग सरोकार राख्ने हरेक पक्षले अतिरिक्त क्रियाकलापहरु प्रभावकारी रुपमा संचलन गर्नको लागि पहल गर्नुपर्दछ ।

## सन्दर्भ सामग्री


कानून किताब व्यवस्था समिति (२०६७), शिक्षा ऐन (२०२८) र नियमावली ( २०६७) काठमाण्डौं: नेपाल सरकार

कुँवर, खिमबहादुर (२०६१) विद्यालय तहमा शारीरिक शिक्षाको महत्व, अप्रकासित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि.महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाण्डौ

गौतम, सुर्यप्रसाद, निरौला, यादवचन्द्र (२०६१) शैक्षिक सामान्यज्ञान, काठमाण्डौ :मकालु वुक्स एण्ड स्टेशनर्स

घिमिरे, शेखरप्रसाद (२०६६), विद्यालयहरुमा संचालन गरिने अतिरिक्त क्रियाकलाप र त्यसले विद्यार्थीको विकासमा पारेको प्रभाव, अप्रकासित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाण्डौ

जिल्ला शिक्षा कार्यलय (२०६८), शैक्षिक समाचार, अर्घाखाँची

थापा, ताराबहादुर (२०६७), शैक्षिक व्यवस्थापन र सगठनात्मक व्यवहार, काठमाण्डौ : प्रशान्ती प्रकाशन

पन्थ, नारायण (२०५७) काठमाण्डौका संस्थागत र सरकारी विद्यालयका विद्यार्थीहरुको भलिवल सीप सम्बन्धि तुलनात्मक अध्ययन, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि किर्तिपुर, काठमाण्डौ

पराजुली, उत्तरकुमार (२०६७), शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहार, काठमाण्डौ : भुडिपुराण प्रकाशन

पराजुली, तिर्थराज, र अधिकारी, बालकृष्ण (२०६६), नेपालमा प्राथमिक शिक्षा, काठमाण्डौ : सनलाइट पव्लिकेसन

पौडेल, वावुराम (२०६५), शैक्षिक गुणस्तरमा शिक्षकको भुमिका, गुल्मीः अर्जुन रजत जयन्ती विशेषाङक, अर्जुन बोर्डिङ्ग हाइइस्कुल ।

पौडेल, लेखनाथ, खनाल, पेशल र अधिकारी नारायणप्रसाद, (२०६५), शैक्षिक मनोविज्ञान, काठमाण्डौ : सनलाईट पव्लिकेशन

शर्मा, चिरन्जीवी र शर्मा निर्मला (२०६५), कक्षाकोठामा मनोविज्ञान, काठमाण्डौ : एम. के.पव्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स

श्रेष्ठ, चन्द्रवहादुर, तामाङ्ग, रामलाल र बस्नेत सम्झना (२०६६), शैक्षिक मनोविज्ञान, काठमाण्डौ : भुडीपुँराण  प्रकाशन

वाग्ले, मनप्रसाद र ढकाल, माधवप्रसाद (२०५५),शिक्षाको प्रारम्भिक परिचय, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार

# प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको अवस्था

## परिशिष्ट- १

नमुना छनौट गरिएका विद्यालयहरु

| क्र.स. | विद्यालय | ठेगाना | किसिम |
|---|---|---|---|
| १ | श्री चौर प्रा.वि. | ढाकावाङ्ग, अर्घाखाँची | सामुदायिक |
| २ | श्री वालशिक्षा नि.मा.वि. | ढाकावाङ्ग, अर्घाखाँची | सामुदायिक |
| ३ | श्री भगवती नि.मा.वि | ढाकावाङ्ग, अर्घाखाँची | सामुदायिक |
| ४ | श्री विश्व उ.मा.वि. | ढाकावाङ्ग, अर्घाखाँची | सामुदायिक |
| ५ | श्री अन्नपूर्ण नि.मा.वि | धारापानी, अर्घाखाँची | सामुदायिक |
| ६ | श्री शान्ति उ.मा.वि | धारापानी, अर्घाखाँची | सामुदायिक |
| ७ | प्रभाकर मा.वि. | धारापानी, अर्घाखाँची | सामुदायिक |
| ८ | विरेन्द्र नि.मा.वि. | धारापानी, अर्घाखाँची | सामुदायिक |
| ९ | श्रीजनता कृष्ण उ.मा.वि. | किमडाँडा,अर्घाखाँची | सामुदायिक |
| १० | श्री जनशान्ती प्रा.वि. | किमडाँडा,अर्घाखाँची | सामुदायिक |

# प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको अवस्था

## परिशिष्ट- २

(प्रधानाध्यापक तथा शिक्षकहरुका लागि अन्तवार्ता प्रश्नावली)

नाम पद

विद्यालय

१ यस विद्यालयको प्राथमिक तहमा कस्ता कस्ता अतिरिक्त क्रियाकलापहरु संचालन हुदै आएका छन् ?

२ विद्यालयले अतिरिक्त क्रियाकलाप सम्बन्धि कस्तो योजना बनाएको छ ?

३ सम्पुर्ण विद्यार्थी (रुची, क्षमता र उमेरको आधारमा) सहभागी वनाउने के कसरी क्रियाकलापहरु संचालन भएका छन् ?

४ वि.व्य.स.ले अतिरिक्तक्रियाकलाप संचालन गर्न के कस्तो सहयोग गरेको छ ?

५ विद्यालयले विशेष अवसर (विभिन्न दिवस,वार्षिक उत्सव) के कसरी मनाउने गरेको छ ?

६ विद्यालयले विद्यालयभन्दा वाहिर आफ्ना विद्यार्थीहरुलाई कुन कुन कार्यक्रममा सहभागी हुन पठाएको छ ?

७ सांस्कृतिक कार्यक्रम, गित संगित, खेलकुद कार्यक्रमहरु सञ्चालन गर्न विद्यालयले के कस्तो व्यवस्था गरेको छ ?

८ अतिरिक्तक्रियाकलापमा उत्कृष्टता देखाउने विद्यार्थीहरुलाई विद्यालयले के कस्तो व्यवस्था गरेको छ ?

९ विद्यालय सवैभन्दा वढि पटक आयोजना गर्ने क्रियाकलापहरु कुन कुन हुन ?

१० अतिरिक्त क्रियाकलाप संचालन गर्न क कस्को उपस्थिती हुन्छ ?

११ विशेष गरी खेलकुद कुन कुन वार खेलाउने गरिएको छ ?

१२ अतिरिक्त क्रियाकलाप सम्बन्धि अभिभावकहरुको धारणा कस्तो छ ?

१३ अतिरिक्त क्रियाकलापमा प्रभाव पार्ने तत्वहरु के के हुन् ?

१४ अतिरिक्त क्रियाकलाप संचालनमा आइपरेका समस्याहरु के के हून ?

१५ समस्याहरु समाधानका उपायहरु के हुन सक्लान ?

१६ अतिरिक्त क्रियाकलाप सम्बन्धि केहि अल्लेख गर्नुपर्ने भए लेख्नुहोस ।

## प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको अवस्था

### परिशिष्ट- ३

(वि.व्य.स.पदाधीकारीहरुका  लागि अन्तवार्ता प्रश्नावली)

नाम                                                        पद

विद्यालय

१ तपाई र यस विधालयको सम्वन्ध कहिलेदेखी रहदै आएको हो?

२ तपाइको विद्यालयमा कस्ता कस्ता अतिरिक्त क्रियाकलापहरु संचालन गरिन्छन ?

३  विद्यालयले अतिरिक्त क्रियाकलाप किन संचालन गर्नुपर्छ ?

४ विद्यालयले अतिरिक्त क्रियाकलापहरु संचालन गर्दा तपाईहरुलाई पनीवोलाउने गर्दछन, की एक्लै गर्ने गदर्छन् ?

५ अतिरिक्त क्रियाकलापहरुमा विद्यार्थी सहभागीता कस्तो हुन्छ ?

६ तपाइले अतिरिक्त क्रियाकलाप संचालनको लागि विद्यालय लाई कस्तो सहयोग गरिरहनु भएको छ ?

७ अतिरिक्त क्रियाकलापहरु कहिले कहिले संचालन हुन्छन् ?

८ अतिरिक्त क्रियाकलाप शिक्षण सिकाईमा के असर पार्ला ?

९ अतिरिक्त क्रियाकलापमा कस्ता तत्वलेहरुले प्रभाव पारेका होलान ?

१० अतिरिक्त क्रियाकलापमा संचालन गर्दा देखिने सवल र दुर्वल पक्षहरु के के होलान् ?

११ वालवालिकाहरुले कस्ता अतिरिक्तक्रियाकलापहरु वढि मन पराएको पाउनुहन्छ ?

१२ विद्यालयले अतिरिक्त क्रियाकलापहरुमा विद्यालय वाहिर पनी के सहभागी गराउने गरेको छ ?

१३ अतिरिक्त क्रियाकलापमा सम्बन्धि अभिभावकहरुको धारणा कस्तो पाउनुहुन्छ ?

१४ अतिरिक्त क्रियाकलापका वाधक तत्वहरु के के ठान्नुहुन्छ ?

१५ विद्यालयमा अतिरिक्त क्रियाकलापमा लगातार संञ्चालन गर्न के गर्नुपर्ला ?

१६ अन्य केहि सुझावहरु भए उल्लेख गर्नुहोस् ।

# प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको अवस्था

## परिशिष्ट- ४

(विद्यार्थीका लागि  अन्तवार्ता प्रश्नावली)

नाम पद

विद्यालय

१ विद्यालयमा के के क्रियाकलापहरु संचालन भएका छन ?

२ विद्यालयमा संञ्चालन हुने कुनकुन क्रियाकलापहरुमा सहभागी हुनुभएको छ ?

३ तपाईलाइ वढि मन पर्ने क्रियाकलापहरु के के हुन ?

४ खेलकूदमा के के पुरस्कार प्राप्त गनुभएको छ ?

५ विद्यालयभन्दा वाहिर गएर सहभागी भएका क्रियाकलापहरु के के हुन ?

६ विद्यालयले कस्ता कार्यक्रम सञ्चालन गरे हुन्थ्यो भन्ने लाग्छ ?

७ कविता, निवन्ध लेखन प्रतियोगितामा सहभागी हुदाँ तपाइमा के के कुराको विकाश भएको छ ?

८ अतिरिक्त क्रियाकलापमा सहभागी हुदां पठन पाठन कार्यमा पर्ने प्रभावको बारेमा तपाइले के भन्नुहुन्छ ?

९ खेल खेल्नाले शरीरलाई के फाइदा हुन्छ ?

१० अतिरिक्त क्रियाकलापहरु कहिले कहिले संचालन हुन्छ ?

११ बार्षिक उत्सव के के क्रियाकलापहरु गरेर मनाउनु हुन्छ ?

१२ अतिरिक्त क्रियाकलाप संचालन हुदा अभिभावकको पनि उपस्थिती हुन्छ त ?

१३ अतिरिक्त क्रियाकलाप गराउदाँ शिक्षकहरुको कत्तिको सक्रियता देख्नुहुन्छ ?

१४ तपाईको विद्यालयमा खेल मैदानको अवस्था कस्तो छ ?

१५ तपाईको विद्यालयमा खेल साम्रागीहरुको कस्तो व्यवस्था छ ?

१६ अतिरिक्त क्रियाकलापमा भाग नलिने छात्रछात्रा हरुलाई के गर्नु पर्ला ?

१७ अतिरिक्त क्रियाकलापमा भाग लिदां अभिभावकले के भन्नुहुन्छ ?

# प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको अवस्था

## परिशिष्ट- ५

(स्रोत  व्याक्तिका लागि अर्न्तवार्ता प्रश्नावली)

नामः                                                                 स्रोत केन्द्रः

१) तपाई स्रोत व्यक्ति कहिले देखि हुनु भएको हो ?

२) स्रोत व्यक्तिहुनु अघि के काम गर्नु हुन्थ्यो ?

३) तपाईको स्रोत केन्द्रमा कतीवटा विद्यालय छन ?

४) तपाईको स्रोत केन्द्र अर्न्तगतका विद्यालयहरुमा अतिरिक्त क्रियाकलापको कस्तो योजना बनाइएको छ  ?

५) तपाईको स्रोत केन्द्र अर्न्तगतका विद्यालयहरुमा अतिरिक्त क्रियाकलापको अवस्था कस्तो छ ?

६) तपाईको स्रोत केन्द्र अर्न्तगतका विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरु कहिले कहिले सञ्चालन गरिन्छन् ?

७) अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा क कसको उपस्थिति रहन्छ ?

८) विद्यालयहरुले बर्षमा कति पटक अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको पाउनु भएको छ ?

९) अतिरिक्त क्रियाकलापहरु कस्ता कस्ता किसिमका सञ्चालन भैरहेका छन् ?

१०) विद्यार्थीहरुले कस्ता क्रियाकलापहहरु बढि मनपराएको पाउनुहुन्छ ?

११) अतिरिक्त क्रियाकलापमा प्रभाव पार्ने मुख्य मुख्य तत्वहरु के होलान् ?

१२) अतिरिक्त क्रियाकलापहरु विद्यालय बाहिर पनि सञ्चालन भएका छन् त ?

१३) अतिरिक्त क्रियाकलाप सञ्चालनमा कस्ता समस्याहरु रहेको देख्नु हुन्छ ?

१४) समस्या समाधानका उपाएहरु के के हुन सक्लान् ?

१५) अरु केही छन् की ?

# प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको अवस्था

## परिशिष्ट- ६

विद्यालय सर्वेक्षण फारम

विद्यालयको नामः ठेगानाः

क) अतिरिक्त क्रियाकलाप विवरण

| क.सं. | अतिरिक्त क्रियाकलाप विवरण | संचालन भएको पटक (वर्षमा) |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

ख) संचालित अतिरिक्त क्रियाकलापहरु (विभिन्न क्षेत्र संग सम्बन्धित)

| क.सं. | अतिरिक्त क्रियाकलापको क्षेत्र | संचालन भएको पटक (वर्षमा) |
|---|---|---|

| | | |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

# प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको अवस्था

## परिशिष्ट- ७

अतिरिक्त क्रियाकलापमा आइपरेका समस्या

| क.स. | समस्या | उत्तरदाता | | | | |
|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | पदाधिकारी | विद्यार्थी | स्रोत व्यक्ति |
| १ | विषय शिक्षकको अभाव रहनु | ८ (८०) | ६ (६०) | ८ (४०) | १०७० (५०) | १ (१००) |
| २ | शिक्षकहरुको गैर जिम्मेवारीपन देखिनु | २ (२०) | २ (२०) | १८ (९०) | १०७२ (५०) | १ (१००) |
| ३ | व्यवस्थापन पक्ष कमजोर रहनु | ६ (६०) | ४ (४०) | १२ (६०) | १७१३ (८०) | १ (१००) |
| ४ | खेलमैदानको अप्रर्याप्तता हुनु | ४ (४०) | ४ (४०) | १४ (७०) | १०७१ (८०) | १ (१००) |
| ५ | विद्यालय भित्र भाव केन्द्रित रहनु | ५ (५०) | ५ (५०) | १२ (६०) | १२८३ (६०) | १ (१००) |
| ६ | शिक्षणको अभिन्न अंगको रुपमा लिन नसक्नु | ८ (८०) | ७ (७०) | ८ (४०) | १७१५ (८०) | १ (१००) |
| ७ | खेल सामग्रीहरुको अप्रर्याप्तता हुनु | ५ (५०) | ४ (४०) | १० (५०) | १२८५ (६०) | १ (१००) |
| ८ | सम्बन्धित निकायले पहल नगर्नु | ७ (७०) | ८ (८०) | १२ (६०) | १७१४ (८०) | १ (१००) |
| ९ | आवश्यक तालिम, गोष्ठी, प्रशिक्षणको अभाव हुनु | ८ (८०) | ६ (६०) | ८ (४०) | १२८५ (६०) | १ (१००) |
| १० | प्रर्याप्त बजेटको अभाव हुनु | ७ (७०) | ६ (६०) | ४ (२०) | १२८४ (६०) | १ (१००) |
| ११ | क्रियाकलापहरु रुचिपूर्ण हुन नसक्नु | २ (२०) | ३ (३०) | १२ (६०) | १०७१ (५०) | १ (१००) |
| १२ | अभिभावक शिक्षित नहुनु | ८ (८०) | ८ (८०) | १० (५०) | ६४३ (३०) | १ (१००) |
| १३ | उचित मूल्यांकनको अभाव हुनु | ३ (३०) | ७ (७०) | १२ (६०) | १५०० (७०) | १ (१००) |
| १४ | प्रभावकारी अनुगमन नहुनु | ४ (४०) | ९ (९०) | १४ (७०) | २१४ (१०) | १ (१००) |
| १५ | शिक्षक पाठ्यभार बढि हुनु | २ (२०) | ८ (८०) | १० (५०) | ६४३ (३०) | १ (१००) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | शिक्षक नियुक्ति पारदर्शि रुपमा नहुनु | ८ (८०) | ९ (९०) | ८ (४०) | २१४३ (१००) | १ (१००) |
| १७ | तालिमको प्रभावकारी प्रयोग नगरिनु | ६ (६०) | ५ (५०) | ८ (४०) | ३२१ (१५) | १ (१००) |
| १८ | अभिभावकको न्यून आय हुनु | ६ (६०) | ८ (८०) | ८ (४०) | १२८६ (६०) | १ (१००) |
| १९ | अनिवार्य विषयको रुपमा लिन नसक्नु | ६ (६०) | ८ (८०) | १० (५०) | २१४३ (१००) | १ (१००) |
| २० | विद्यालयहरुमा राजनैतिक हस्तक्षेप हुनु | ६ (६०) | ७ (७०) | २ (१०) | ३५४ (२५) | १ (१००) |

# प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको अवस्था

## परिशिष्ट- ८

### समस्या समाधानका उपयुक्त उपाय

| क.स. | उपायहरु | उत्तरदाता | | | | |
|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | पदाधिकारी | विद्यार्थी | स्रोत व्यक्ति |
| १ | विषय शिक्षकको व्यवस्था गर्नुपर्ने | ६ (६०) | ७ (७०) | १४ (७०) | १०७० (५०) | १ (१००) |
| २ | थप बजेटको व्यवस्था गर्नुपर्ने | ६ (६०) | ८ (८०) | १० (५०) | ८५६ (४०) | १ (१००) |
| ३ | व्यवस्थापन पक्ष सक्रिय हुनुपर्ने | १० (१००) | ७ (७०) | १२ (६०) | १७१३ (८०) | १ (१००) |
| ४ | अनिवार्य विषयको रुपमा सञ्चालन गर्नुपर्ने | ७ (७०) | ६ (६०) | १० (५०) | १७१५ (८०) | १ (१००) |
| ५ | विद्यालय बाहिर पनि सञ्चालन गर्नुपर्ने | ५ (५०) | ५ (५०) | ८ (४०) | १२६८ (६०) | १ (१००) |
| ६ | तालिम, गोष्ठी, प्रशिक्षणको व्यवस्था हुनुपर्ने | ७ (७०) | ५ (५०) | १२ (६०) | ४२७ (२०) | १ (१००) |
| ७ | भौतिक व्यवस्थापन राम्रो हुनुपर्ने | १० (१००) | ८ (८०) | १६ (८०) | १९२० (९०) | १ (१००) |
| ८ | विद्यार्थीको रुचि, क्षमता र स्तर अनुसारका हुनुपर्ने | २ (२०) | ३ (३०) | १२ (६०) | १५०१ (७०) | १ (१००) |
| ९ | पुरस्कार र दण्डको उचित व्यवस्था हुनुपर्ने | ७ (७०) | ७ (७०) | ६ (३०) | १७१४ (८०) | १ (१००) |
| १० | शिक्षक दरबन्दि थप गर्नुपर्ने | ९ (९०) | ६ (६०) | ७ (७०) | ३२१ (१५) | १ (१००) |
| ११ | अभिभावकहरु सचेत हुनुपर्ने | १० (१००) | ६ (६०) | ३ (३०) | १०७२ (५०) | १ (१००) |
| १२ | निरन्तर सुपरीवेक्षण हुनुपर्ने | ३ (३०) | ९ (९०) | १४ (७०) | ८५६ (४०) | १ (१००) |
| १३ | आचार संहिताको पालना गर्नुपर्ने | १० (१००) | ६ (६०) | ३ (३०) | १०७२ (५०) | १ (१००) |
| १४ | अभिभावकको उपस्थिती हुनुपर्ने | ४ (४०) | ७ (७०) | १० (५०) | ४२९ (२०) | १ (१००) |
| १५ | विद्यालय राजनैतिक हस्तक्षेप मुक्त हुनुपर्ने | ६ (६०) | ८ (८०) | ४ (२०) | ८५७ (४०) | १ (१००) |

# प्राथमिक तहमा अतिरिक्त क्रियाकलापको अवस्था

## परिशिष्ट- ९

विद्यालयबाट सहभागी प्र.अ, विषय शिक्षक, वि.व्य.स. पदाधिकारी र विद्यार्थीहरुको नामावली

| विद्यालयको नाम | प्र.अ.को नाम | विषय शिक्षकको नाम | वि.व्य.स पदाधिकारीको नाम | विद्यार्थिको नाम |
|---|---|---|---|---|
| १.चौर प्रा.बि. | चन्द्र ब.के.सी. | ढुण्डीराज बेल्बासे | बासुदेव गिरी,<br>मदन खनाल | कमला खनाल, साबित्रा थापा, चेतलाल वि.क, रचना पौडेल, मदनकेसी, हुमा विक, नेत्र प्र.खनाल, हरी प्रसाद खनाल, प्रकास थापा, कासी विक, नम्रता सुनार, तिलक सुनार, सुमित्रा थापा, प्रकाश खनाल, हरी खड्का |
| २.बाल शिक्षा नि.मा.वि | हिमलाल खनाल | लक्ष्मण खनाल | कासवहादुर गमाल,<br>ठाकुर भुषाल | प्रेम खनाल, सुष्मा थापा, प्रज्वल खनाल, श्याम वि.क, सुभद्रा वि.क., चेतन थापा, निमानन्द भुसाल, खुमन बैजाली, नेत्र भाट, सुमन विक, टंक खनाल, रेसम खनाल, राधा गैरे, हरी केसी, रामु खनाल |
| ३.भगवति नि.मा.वि. | केशबराज खनाल | बाबुराम खनाल | विष्णु खनाल,<br>रामबहादुर बस्नेत | राजु खनाल, कुसुम नेपाली, उज्वल खत्री, सुमन परियार, नेदु खनाल, उषा के.सी, सुभास केसी, तुलसी विक, श्याम केसी, युवराज खनाल, कमल खनाल, राजु खनाल, कुसुम नेपाली, मिरा सुनार, नेत्र पन्थी |
| ४.विश्व उ.मा.वि | खडग ब. थापा | शान्ता खनाल | वैकुण्ठ थापा,<br>मिना आचार्य | सुमन नेपाली, दुर्गा आचार्य, विर ब. नेपाली, हरी वि.क, खुमन खनाल, परी के.सी, टेकलाल खनाल, प्रभात वन्जाडे, एन्जिला गैरे, पार्वता खड्का, रुपा विक, |

| | | | | |
|---|---|---|---|---|
| | | | | कमला विक, सरिता खनाल, भगवती भुषाल, सरिता पाण्डे |
| ५.अन्नपुर्ण नि.मा.वि. | हरी प्रसाद दमासे | सुवास वन्जाडे | कासीराज भुषाल,<br>हरि नेपाली | आशा थापा, उमा के.सी, रामु परीयार, सुष्मा वि.क., सुनिता भुसाल, कृष्ण नेपाली, सुमन थापा, लाल ब.पुन, सिमा के.सी.श्याम खनाल, संगिता नेपाली, सुवास विक, श्रीधर खनाल, मिना नेपाली, सिता केसी |
| ६.शान्ती उ.मा.वि. | डिलाराम पन्थि | राम ब.राना | रणप्रसाद भुषाल,<br>बृष्ण बन्जाडे | गिता भाट, करिस्मा के.सी., श्याम वि.क.हरी परीयार, सुमन मुखिया, चेतलाल खनाल, दिलीप के.सी, चन्द्र के.सी, कोपीला जी.सी, हरी आचार्य, निसा खनाल, प्रेम खनाल, सुवास विक, नेत्र नेपाली, जगन्नाथ खनाल |
| ७.प्रभाकर मा.वि. | दामोदर भाट | श्याम भुसाल | बालकृष्ण भुसाल<br>सिता सुनार | निता के.सी., सुमन परीयार, रिता नेपाली, खुविराम खनाल, रुपक खनाल, श्याम नेपाली, अपर्णा के.सी, राम प्र.गौतम, कविराम खनाल, सिता सुनार, रामु परियार, रेशम थापा, सिता गौतम, श्याम खनाल, निसा केसी |
| ८.विरेन्द्र प्रा.वि. | गोविन्द के.सी. | रमेश खनाल | रेशम सुनार<br>बलबहादुर नेपाली | सिलु नेपाली, शान्ता थापा, राधा केसी, सुमित्रा थापा, रिता सुनार, बविता पुन, हरि मगर, शान्ता खनाल, सिमा पौडेल, सरिता केसी, कपिल भुषाल, मदन नेपाली, रुपक सुनार, आषिस पन्थी, रुपा सुनार |
| ९. जनता कृष्ण उ.मा.वि. | ईश्वरी प्रसाद भुषाल | भविस्वर गैरे | भरत पौडेल<br>हरिप्रसाद भुसाल | ऋिषी भुषाल, आरती थापा, कुमारी गौतम, हरी नेपाली, सनम थापा, आदर्श पौडेल, नेत्र थापा, रेशम नेपाली, श्याम विक, शुसिला भुषाल, कविता परियार, हरि रोका, हरि खनाल, चेतन पौडेल, सविता भुषाल |

| | | | | |
|---|---|---|---|---|
| १०. जनशान्ति प्रा.वि. | कमल भुषाल | निर्मला सापकोटा | रामु भुसाल<br>लक्ष्मी के.सी. | कमला खनाल, विपना थापा, रुपक केसी, सन्जु नेपाली, कोपीला जिसी, आशा भुषाल, रोहीत थापा, विनोद विक, सौरभ केसी, अनिता जिसी, नरेन्द्र भुषाल, चमेली पुन, रुपा थापा, कुमार केसी, सिमा नेपाली |